# सञ्चारिका लेखमाला
# Sancharika Feature Service

वर्ष १०    अंक ५    मासिक    जेठ/असार    May 2007

■ *राजनीतिबाट महिला किन टाढा ?* — ✍ दुर्गा भण्डारी
राजनीतिमा हतोत्साही महिला

■ *प्राविधिक सेवामा पनि लिङ्गभेद* — ✍ शान्ता बस्नेत
सूचना प्रविधिमा महिला सहभागिता

■ बच्चा पाउन नसक्दा मर्दैछन् आमाहरू — ✍ अमृता अनमोल
सरकारी सहुलियतबारे अनभिज्ञ लक्षित वर्ग

■ *कामकाजी महिलालाई दोहोरो मार* — ✍ इन्दिरा अर्याल
एकातिर कार्यालय अर्कोतिर घरको भार

■ *दराजमा थन्किए शैक्षिक प्रमाणपत्र* — ✍ अछरी पोखरेल
श्रीमान् छोड्ने कि जागिर ?

■ *बढ्दै छ सम्बन्धविच्छेद* — ✍ बिनु पोखरेल
परम्परागत एकाधिकारको प्रतिकार : सम्बन्धविच्छेद

■ *अपहेलित मकना बनिन् समाजसेवी* — ✍ दुर्गा अधिकारी
अन्तिम इच्छा समाजसेवाको



सञ्चारिका समूह/नेपाल

# राजनीतिबाट महिला किन टाढा ?

*आफ्ना विभिन्न समस्याका बाबजुद पनि महिला राजनीतिक क्षेत्रमा सङ्घर्ष गर्छन् तर केही समयपछि यस क्षेत्रलाई नै तिलाञ्जली दिएर जान्छन् । सामाजिक र शारीरिक बन्धनका बाबजुद अगाडि बढेका महिलाले राजनीतिक क्षेत्रमा संलग्न भएर बस्नका लागि घरलगायतको सबै काम भ्याउने, श्रीमान् छोड्ने, अविवाहित रहनेसम्मको 'कम्प्रोमाइज' गरेका छन् । तर, पनि उनीहरूले यस क्षेत्रमा सम्मानजनक स्थान बनाउन सकेका छैनन् । किन त ?*

**दुर्गा भण्डारी**

**पोखरा** ÷ पञ्चायतकालमा विद्यार्थी राजनीति गर्दागर्दै एकाएक भूमिगत भएकी लोचना अधिकारी २०४६ पछिको खुल्ला वातावरणमा पनि त्यति सक्रिय भइनन् । ०३६ सालदेखि ०४६ सम्म काम गर्दा उनले तीन वर्ष विद्यार्थी र सात वर्ष जनवर्गीय सङ्गठन विस्तारको काम गरेकी थिइन् । त्यसबेला महिलाले राजनीति गर्नु भनेको सामान्य कुरा थिएन । कठिन र चुनौतीपूर्ण थियो । 'सुरक्षा थिएन, कमजोर आर्थिक अवस्थाका कारण चिउरा र पानी मात्र खाएर एक हप्ता बस्यौँ,' लोचना आफू राजनीतिमा सक्रिय हुँदाको दिन सम्झिन्छिन् ।

कम्युनिष्ट राजनीतिमा लागेकी लोचनाले तत्कालीन मालेको कार्यकर्ता भएर काम गरिन् । सुरुका दिनमा उनी गाउँ पार्टी कमिटीमा थिइन् । त्यसपछि भूमिगत भइन् । पार्टीको काम गर्दागर्दै जनवादी विवाह पनि गरिन् । विवाहपछि धेरै जिम्मेवारी थपियो । सक्रिय र सफल राजनीति गर्दै आएकी लोचनालाई त्यसपछिको वातावरण सहज भएन । पेटमा बच्चा हुर्किरहेको थियो । लोचना भन्छिन्, 'लुकी-लुकी काम गर्दा भनेको जस्तो खान पाइँदैनथ्यो । पेटमा बच्चा हुँदा राम्रोसँग खान र आराम नपाउँदा सुस्त मनस्थितिको बच्चा जन्मियो ।' राजनीति गर्दै गर्दा उनको परिवार पनि बढ्दै गयो । आर्थिक अवस्था ठीक थिएन । दुवैजना राजनीति गर्ने, खानका लागि कमाउनैपर्ने बाध्यता थियो । 'त्यसै भएर मैले परिवार हेर्ने र पाल्ने जिम्मेवारी लिएँ,' आफू सक्रिय राजनीतिबाट टाढा हुनुको रहस्य खोल्दै लोचनाले भनिन् ।

०४६ सालको जनआन्दोलनकी नायिका भनेर चिनिएकी लक्ष्मी कार्की, प्रभा बराल, शोभा बराल, ऋषिमाया अधिकारी, दुर्गा अधिकारी, दुर्गा आचार्य, मधुमाया सापकोटा, मीनाकुमारी श्रेष्ठ, पार्वती विकलगायत जिल्लास्तरसम्म पुगिसकेका महिला कार्यकर्ता अहिले एमालेको सक्रिय राजनीतिमा छैनन् । 'जुझारू महिला कार्यकर्ताले स्थान पाउन सकेनन् र पलायन भए,' लोचनाले भनिन् । लोचनासँगै भूमिगत

*राजनीति गर्ने भनेर उनले विवाहसमेत गरिनिन् । विद्युत् प्राधिकरणको चार तहको जागिरसमेत छोडिन् । ०५३ सालसम्म उनी नेपाल महिला सङ्गठनको सचिव थिइन् । 'त्यही रफ्तारमा काम गर्न पाएको भए म अहिले संसद्सम्म पुग्ने थिएँ,' गंगाले भनिन् । उनी कसरी राजनीतिमा पछाडि परिन् त ? प्रश्न गर्दा गंगा भन्छिन्, 'स्पष्टवादी, नेताको चाकरी-चाप्लुसी गर्न नजान्ने, देखेको कुरा भनिहाल्ने स्वभावले म पछाडि परेँ ।'*

राजनीति गर्ने महिला अहिले तीनजना मात्र सक्रिय छन् ।

त्यसैगरी २०३३ सालदेखि राजनीतिमा लागेकी गंगा केसी अहिले धार्मिक संस्था विश्व हिन्दू महासङ्घको केन्द्रीय सदस्य भएकी छिन् । युद्धको मोर्चामा सधैं अगाडि देखिने गंगालाई १३ वर्षको उमेरमा पञ्चायतविरुद्ध काम गरेको भनेर तत्कालीन सरकारले अपहरणसमेत गरेको थियो । तत्कालीन अवस्थामा प्रहरीले गरेको ज्यादती सम्झँदै गंगा भन्छिन्, 'प्रहरी घरमा छापा मार्न आयो, त्यसबेला भएभरका कागजपत्र र चिट्ठीहरू ओछ्यानमुनि थिए, म सिरक ओढेर सुतेकी थिएँ । प्रहरीले सबैतिर खोज्यो । नपाएपछि घरमा भएका धान, मकै, कोदो छरेर एकै ठाउँ पारिदियो । उनीहरूले अगेनामा पानी खन्याइदिए । पकाएको भात, तरकारी सबै पोखिदिए । प्रहरीले हिँड्ने बेलामा लट्ठीले बिछ्यौनामा हान्दा म चिच्याएँ ।' प्रहरीले जाने बेलामा

दाइको बिछ्यौनामा एउटा चिट्ठी फेला पार्‍यो । दाइहरू घरमा हुनुहुन्नथ्यो र पछि मलाई उठाएर लछारपछार गर्दै गाडीमा हालेर जेल पुर्‍यायो । केही समयपछि छोडिदियो,' गंगाले आफ्नो पुरानो कथा सुनाइन् ।

गंगा ०४६ को जनआन्दोलनमा पनि सक्रिय थिइन् । ०४६ सालपछिको खुल्ला वातावरणमा उनले केही वर्ष अन्य काम गरेर राजनीतिबाट टाढा भइन् । राजनीति गर्ने भनेर उनले विवाहसमेत गरिनन् । विद्युत् प्राधिकरणको चार तहको जागिरसमेत छोडिन् । ०५३ सालसम्म उनी नेपाल महिला सङ्गठनको सचिव थिइन् । 'त्यही रफ्तारमा काम गर्न पाएको भए म अहिले संसद्सम्म पुग्ने थिएँ,' गंगाले भनिन् । उनी कसरी राजनीतिमा पछाडि परिन् त ? प्रश्न गर्दा गंगा भन्छिन्, 'स्पष्टवादी, नेताको चाकरी-चाप्लुसी गर्न नजान्ने, देखेको कुरा भनिहाल्ने स्वभावले म पछाडि परेँ,' राजनीतिमा महिला पछाडि पर्नुको कारण स्पष्ट पार्दै गंगा भन्छिन् ।

पार्टीले आफ्नोबारेमा राम्रो मूल्याङ्कन नगरेको हो । 'एकपटक नेपाल महिला सङ्गठनको १६ जिल्लाका महिलाको सम्मेलन थियो । त्यो सम्मेलनमा एकजना महिला सदस्यले आफू नै अध्यक्ष हुँ, भनेर हिँडिन् । उनले यतिसम्म गरिन् कि नेपाल महिला सङ्गठनको जिल्ला अधिवेशन पोखरामा गर्ने भन्दै घान्द्रुकमा लगेर सुटुक्क गरिन् र आफू अध्यक्ष भइन् । यो कुराको सुइँकोसम्म जिम्मेवार पदाधिकारीले पाएनन् । केन्द्रबाट आएका मान्छेले तिमीहरू किन अधिवेशनमा नआएको भनेर सोध्दा बल्ल उनीहरूले आफू पदबाट खुस्किएको थाहा पाए । पार्टीमा उजुरी गरे पनि हाम्रो केही चलेन,' गंगाले वृत्तान्त सुनाइन् ।

शकुन्तला गुरुङ पनि अर्की यस्तै राजनीतिपीडित पात्र हुन् । उनी ०१८ सालदेखि पार्टीको चिट्ठी ओसारपसारको काम गर्थिन् । कोक्रोमा ६ महिनाको बच्चा छाडेर पार्टीको काम गरिन् । काम भ्याएर आउँदा बच्चा दिसापिसाबमा लुटपुटिएको हुन्थ्यो । पार्टीको कामका लागि उनले खाँदै गरेको शिक्षिकाको जागिरसमेत छोडिन् । मौजा क्षेत्र नं. २ की शकुन्तला गुरुङ तीन घन्टाको बाटो हिँडेर पोखरा आउँथिन् । अहिले उनले न कुनै पद पाएकी छन् न त उनको आर्थिक अवस्था नै राम्रो छ । उनलाई ०४६ सालपछि भएको महिला सङ्गठनको अधिवेशनमा अध्यक्षबाट हटाइएको थियो । त्यसैगरी नर्मदा भाट नेपाली काङ्ग्रेसकी सक्रिय कार्यकर्ता थिइन् । राजनीतिमा लागेकै कारण २०१५ सालदेखि ०२२ सालसम्म उनी गाउँबाट नै वहिष्कृत भइन् । ०४२ सालमा ८ महिना जेलसमेत परिन् । यसरी राजनीतिमा सक्रिय महिला कार्यकर्ता नभएका होइनन् तर उनीहरूको उचित मूल्याङ्कन भने भएको छैन ।

*उनले चार वर्ष भूमिगत र दश वर्ष सक्रिय राजनीति गरिन् । ०४६ सालको खुल्ला परिस्थितिपछि उनले विवाह गरिन् । विवाहपछि परिवार र छोराछोरीलाई समय दिनुपर्छ भनेर आफैँ राजनीतिबाट टाढा भइन् । उनले ०५० सालदेखि सक्रिय राजनीति गर्न छोडिन् । १० वर्षपछि उनी फेरि एमाले कास्कीको जिल्ला कमिटीमा सक्रिय सदस्य भएर काम गरिरहेकी छिन् । उनी भन्छिन्, 'पहिलाको तुलनामा अहिले धेरै सजिलो छ । बैठक र औपचारिक कार्यक्रममा मात्रै गए पुग्दोरहेछ ।'*

नेकपा एमालेकी मीना गुरुङ र नेपाली काङ्ग्रेस प्रजातान्त्रिककी कृष्णकुमारी परियारको पनि छुट्टाछुट्टै व्यथा छ । एमालेकी मीना गुरुङ २०३६ सालदेखि राजनीतिमा सक्रिय थिइन् । मीना गुरुङ लाउरेकी छोरी भएर पनि ०३६ देखि ०४७ सम्म विद्यार्थी फाँटमा काम गरिन् । उनी सिंगापुरको टेलिभिजनमा एकपटक प्रसारित भएको माओको कार्यक्रमबाट प्रभावित भएर राजनीतिमा आकर्षित भएकी थिइन् । उनले चार वर्ष भूमिगत र दश वर्ष सक्रिय राजनीति गरिन् । ०४६ सालको खुल्ला परिस्थितिपछि उनले विवाह गरिन् । विवाहपछि परिवार र छोराछोरीलाई समय दिनुपर्छ भनेर आफैँ राजनीतिबाट टाढा भइन् । उनले ०५० सालदेखि सक्रिय राजनीति गर्न छोडिन् । १० वर्षपछि उनी फेरि एमाले कास्कीको जिल्ला कमिटीमा सक्रिय सदस्य भएर काम गरिरहेकी छिन् । उनी भन्छिन्, 'पहिलाको तुलनामा अहिले धेरै सजिलो छ । बैठक र औपचारिक कार्यक्रममा मात्रै गए पुग्दोरहेछ ।'

कृष्णकुमारी परियारले ०४६ सालदेखि नेपाली काङ्ग्रेसमा काम गर्दै आएकी छन् । ०४६ को जनआन्दोलनदेखि ०६२/०६३ को आन्दोलनमा समेत उनी अग्रमोर्चामा थिइन् । त्यही क्रममा उनी चार दिनसम्म प्रहरीको हिरासतमा परिन् । आफ्ना बाबु गणेश परियारसँगसँगै हिँडेकी कृष्णकुमारीले बाबु जेल

*तीन वर्षअघि श्रीमान्ले बाध्य पारेर 'कि राजनीति छोड कि मलाई छोड' भन्दा उनले 'म तपाईंलाई छोड्छुप भन्ने जवाफ दिएकी थिइन् । राजनीति गर्दागर्दै उनको घरपरिवार लथालिङ्ग भयो । 'कहिलेकाहीँ त राजनीति छोडिहालौँजस्तो लाग्दछ, त्यै पनि मनले मान्दैन,' कृष्णकुमारी भन्छिन् ।*

पर्दा पर्चा, पोष्टरिङको काम गर्दथिन् । तीन वर्षअघि श्रीमान्ले बाध्य पारेर 'कि राजनीति छोड कि मलाई छोड' भन्दा उनले 'म तपाईंलाई छोड्छुप भन्ने जवाफ दिएकी थिइन् । राजनीति गर्दागर्दै उनको घरपरिवार लथालिङ्ग भयो । 'कहिलेकाहीँ त राजनीति छोडिहालौँजस्तो लाग्दछ, त्यै पनि मनले मान्दैन,' कृष्णकुमारी भन्छिन् ।

पार्टीभित्र आफू महिला त्यसमा पनि दलित भएकोले गर्दा केही अवसर पाउन नसकेको उनको गुनासो छ । पार्टीका बाठा र चतुर कार्यकर्ताले गैरसरकारी संस्थामार्फत फाइदा लिएको उनले बताइन् ।

नेताहरूले जतिसुकै समावेशीकरण र जातीय विभेदका कुरा गरे पनि आफ्नै पार्टीले दलितलाई पछि पारेको उनको गुनासो छ । 'नेपाली काङ्ग्रेस कास्कीकी एकजना वरिष्ठ महिला सदस्य अझै पनि कार्यक्रममा हामीलाई छोइन्छ कि भनेर अलग्गै बसेर खाने गर्छिन्,' उनले भनिन्, '४/५ जना दलित महिलाले यही विभेदका कारण पार्टी छोडेर गए ।'

यसरी राजनीतिमा समर्पित केही पुराना कार्यकर्ता आर्थिक रूपले पीडित त छँदैछन्, राजनीतिक रूपले पनि छन् । अन्तरिम संविधान, २०६३ ले महिलाका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गरेको छ । र, राजनीतिक पार्टीले ३३ प्रतिशत महिलालाई उम्मेदवारी दिलाउनुपर्ने व्यवस्था गरेको छ । तर, राजनीतिक क्षेत्रमा कार्यान्वयन गरिएको छैन । अहिलेको मन्त्रिमण्डलमा पनि दुईजना मात्र महिला मन्त्री छन् । यस्तो अवस्थामा नेताहरू भन्ने गर्छन्, 'सक्षम महिला नै छैनन् । क्रेनले तान्नु भएन ।प महिला कार्यकर्तालाई पार्टीले समेट्ने योजना बनाउने हो भने ३३ प्रतिशत होइन महिला सहभागिता सतप्रतिशत पनि पुऱ्याउन पनि अप्ठ्यारो पर्दैन ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# प्राविधिक सेवामा पनि लिङ्गभेद

*'सफ्टवेयर, हार्डवेयर, नेटवर्किङजस्ता सूचना प्रविधिका क्षेत्रमा महिलाको सङ्ख्या शिला खोज्नुपर्ने अवस्थामा छ । सूचना प्रविधि विषयको शिक्षा लिने महिलाको सङ्ख्या तुलनात्मक रूपमा कम छैन तर काम गर्ने सवालमा उनीहरूले महिला भएकै कारण 'अविश्वासको सामना' गर्नुपरेको छ । महिला सूचना प्राविधिकको गुनासो छ, 'महिला दक्ष भए पनि महिलालाई पत्याउँदैनन् ।' जबसम्म महिला पनि आफ्नो सीप पुरुषसरह देखाउन सक्छे भन्ने सामाजिक मान्यता स्थापित हुँदैन तबसम्म सूचना प्रविधिमा मात्र होइन, सबै अवसरमा महिलामाथिको विभेद कायम रहन्छ ।'*

**✍ शान्ता बस्नेत**

**काठमाडौं** ÷ गुणकेशरी प्रधानले बीस वर्षअघि नेपाल टेलिकममा कम्प्युटर इन्जिनियरिङको काम सुरु गर्दा सूचना प्रविधिमा महिलाको सहभागिता नै थिएन । तत्कालीन सोभियत संघ युक्रेनबाट कम्प्युटर इन्जिनियरिङ गरेर फर्केपछि भएको टेलिकमको प्रतिस्पर्धामा महिला त के पुरुष पनि अत्यन्त कम थिए । बीस पदका लागि दरखास्त खोलिएकोमा ८ जनाको मात्र आवेदन परेको थियो । त्यतिबेला उनको प्रतिस्पर्धा पुरुषसँग मात्र भएको थियो । उनी अहिले टेलिकमको उपप्रबन्धक छिन् ।

पुल्चोक इन्जिनियरिङ क्याम्पसकी प्राध्यापक तिमिला यमीले पच्चीस वर्षअघि बेलायतको डेम्मनपोर्ट विश्वविद्यालयबाट सूचना प्रविधिमा स्नातकोत्तर अध्ययन सक्दा धेरैले आश्चर्य मानेका थिए। नेपालमा उनले सूचना प्रविधिको अध्यापन गराउँदा अरू महिला प्रतिस्पर्धामा थिएनन्। त्यतिबेला सूचना प्रविधि अध्ययन गरेका पुरुषहरूकै सङ्ख्या पनि अत्यन्त कम भएको उनको अनुभव छ। सामाजिक संरचनाका कारण शिक्षामा महिलाको पहुँच कम थियो। त्यसमाथि प्राविधिक तथा व्यावसायिक शिक्षामा त उनीहरूको पहुँच झन् न्यून थियो। र, पनि प्रधान र यमीजस्ता केही महिलाले त्यतिबेला आफूलाई प्राविधिक क्षेत्रमा खरो उतारेका थिए।

तर, अहिले सूचना प्रविधिको अध्ययनमा पुरुषभन्दा महिला कुनै हिसाबले कम छैनन्। सामाजिक संरचना केही हदसम्म बदलिएको छ। अहिले युवापुस्ता सूचना प्रविधिको अध्ययनमा जोडतोडले लागेको छ भने महिला आफूलाई त्यसमा प्रतिस्पर्धा गराइरहेका छन्। अहिले न प्रधानको जस्तो बेला छ न यमीको जस्तो। बढ्दो विश्वव्यापीकरण र सूचना प्रविधिको सञ्जालले यसरी बाँधेको छ कि महिलाका लागि सूचना प्रविधिको अध्ययन ज्ञान वृद्धिका लागि मात्र नभई व्यावसायिक र जीविकोपार्जनको शिक्षा पनि भएको छ। कुनै बेला टाइपिस्टको सामान्य पद पाउने महिला अहिले प्रतिस्पर्धा गरेर प्रविधि प्रयोगमा आफूलाई अगाडि ल्याउन सफल भएका छन्।

सूचना सञ्चार प्रविधि (आईसीटी) मा महिला प्रतिवेदनमा उल्लेख भएअनुसार नेपालका एक हजार व्यक्तिमध्ये ३२ जनासँग टेलिफोन लाइन, ६ जनासँग मोबाइल, ८ जनासँग टेलिभिजन सेट, २९ जनासँग रेडियो, ५ जनासँग कम्प्युटर र ६० जनासँग इन्टरनेटको पहुँच छ। तथ्याङ्कअनुसार हेर्ने हो भने समग्र नेपाली सूचना प्रविधिको पहुँचसम्म पुगिसकेका छैनन्। त्यसमाथि पनि महिलाको सहभागिता अपेक्षित हुन सकेको देखिँदैन। संयुक्त राष्ट्रसङ्घको एउटा तथ्याङ्कले दक्षिण एसियामा २२ प्रतिशत महिलामात्र इन्टरनेटको पहुँचमा रहेको देखाएको थियो। प्रतिवेदनले सफ्टवेयर विकासमा पनि महिलाको तुलनामा पुरुषको सङ्ख्या नै धेरै रहेको देखाएको थियो। सामाजिक बन्धन, कम साक्षरता दर तथा परम्परावादी सोचले नेपालजस्ता विकासोन्मुख धेरै मुलुकमा सूचना प्रविधिमा महिला पछाडि परेको प्रतिवेदनले उल्लेख गरेको थियो।

त्यस्तै कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) ले सन् २००५ मा गरेको सर्वेक्षणअनुसार देशको कुल जनसङ्ख्याको २६ दशमलव ६० प्रतिशत मात्र सूचना प्रविधिको पहुँचमा रहेको देखाएको थियो। त्यसमा भएकामध्ये १८ दशमलव २७ प्रतिशत महिला भएको र तीमध्ये पनि सहरिया र नेवारी महिला ५० प्रतिशत यो क्षेत्रमा रहेको उल्लेख गरेको थियो। तथ्याङ्कले के देखाउँछ भने जबसम्म महिलालाई पनि सूचना प्रविधिको नीति-निर्माण तहसम्म पुऱ्याइँदैन तबसम्म यो खाडल रहिरहन्छ। सरकार देशका सहर हेरेर सूचना प्रविधिको नीति बनाइरहेको छ। देशको आधा हिस्सा ओगटेका महिला भने गाउँमा अझै विद्यालय नदेखेर बसिरहेका छन् र उनीहरूलाई शिक्षाको अवसर दिनुपर्छ भन्ने सरकारले सिंहदरबारको पर्खालभित्रबाट कहिल्यै सोच्न सकेको छैन।

*नब्बेको दशकपछि विकास भएको इन्टरनेटले अहिले पृथ्वीलाई यति साँघुरो बनाइदिएको छ कि मान्छेले भौगोलिक दूरीको अनुभव नै गर्नुपरेको छैन। बाँसको कलमदेखि ल्यापटपसम्म आइपुग्दा सूचना प्रविधिको विकास नसोचेको गतिमा भएको छ। तर, महिला विकासको त्यो अवसर उपभोग गर्नबाट अझै वञ्चित छन्।*

अबको पुस्ताका लागि विश्वव्यापीकरणको अभियानमा आफूलाई जोड्न तथा सामाजिक, आर्थिक र राजनीतिक रूपान्तरणका लागि सूचना प्रविधि महत्वपूर्ण माध्यमको रूपमा विकसित भएको छ। नेपाल टेलिकमकी उपप्रबन्धक गुणकेशरी प्रधान भन्छिन्, 'अझै महिलाका लागि अवसर दिनुपर्छ भन्ने मानसिकता आइसकेको छैन। युवा पुस्ताको रुचि त बढेको छ, त्यसले मात्रै हुँदैन। सूचना प्रविधिमा महिलाको पहुँच विकास गर्न सरकारी तहबाट ठोस नीति बन्नुपर्छ र कडाइका साथ कार्यान्वयनमा जानुपर्छ।' अझै पनि आफ्नो भविष्य बनाउने उमेर २२–२४ मै छोरीको बिहेको कुरा चलाइन्छ र उनीहरूलाई भविष्य बनाउने अवसरबाट रोकिन्छ। समाजमा विद्यमान यो प्रवृत्तिले आईटीमा प्रगति गर्न महिलालाई बाधा पुग्ने उहाँको ठहर छ।

नेपालमा सूचना प्रविधिको लहर नब्बेको दशकपछि आएको हो। पछिल्लो समयमा एकाएक यो विषय अध्ययन गर्न चाहने विद्यार्थीको चाप बढेको छ। कारण के हो ? प्राध्यापक यमी भन्छिन्, 'यसमा आफ्नो क्षमता देखाउन सकिन्छ। प्राविधिक शिक्षा भएकाले यसमा महिलाले आफ्नो भविष्य सुरक्षित देखेर पनि हो।' यमीका शब्दमा 'सूचना प्रविधिको सामान्य जानकारीबिना अब मुलुकमा कुनै पनि कामको

*अहिले न प्रधानको जस्तो बेला छ न यमीको जस्तो । बढ्दो विश्वव्यापीकरण र सूचना प्रविधिको सञ्जालले यसरी बाँधेको छ कि महिलाका लागि सूचना प्रविधिको अध्ययन ज्ञान वृद्धिका लागि मात्र नभई व्यावसायिक र जीविकोपार्जनको शिक्षा पनि भएको छ । कुनै बेला टाइपिस्टको सामान्य पद पाउने महिला अहिले प्रतिस्पर्धा गरेर प्रविधि प्रयोगमा आफूलाई अगाडि ल्याउन सफल भएका छन् ।*

सम्भावना कम छ ।' यो क्षेत्र सूचनाको सिर्जना र आदानप्रदान तथा आफूलाई उत्पादनशील बनाउने एउटा माध्यम पनि हो । अहिले देशमा खुलेका नयाँ विश्वविद्यालयहरूले सूचना प्रविधिलाई प्राथमिकताको विषयमा राख्नु यसको दरिलो प्रमाण हो । देशमा सूचना प्रविधिमा वार्षिक कति जनशक्ति उत्पादन हुन्छ, यकिन तथ्याङ्क त छैन तर पछिल्लो समयमा उत्पादन हुने जनशक्तिमा महिला र पुरुषको तथ्याङ्कमा खासै फरक नभएको यस क्षेत्रका विज्ञहरूको अनुमान छ । हुन त, देशका झन्डै डेढ दर्जन कलेजमा सूचना प्रविधि विषयमा अध्यापन हुन्छ । पूर्वाञ्चल विश्वविद्यालयबाट सूचना प्रविधिमा स्नातक गरेकी तथा संयुक्त राष्ट्रसङ्घको राजनीतिक नियोगमा कार्यरत सरिता सुनुवार त्यहाँको सिस्टम इन्जिनियर हुन् । उनले सूचना प्रविधि क्षेत्रमा महिलाको सहभागिता कम भएको अनुभव गरेकी छिन् । 'क्याम्पसमा पढ्नेहरू बराबर हुन्छन् तर कार्यक्षेत्रमा महिलाको सङ्ख्या अत्यन्त कम देखिन्छ,' उनले भनिन्, 'आईटीमा महिलाको सहभागिता शिला खोज्नुपर्ने खालको छ ।'

तर, विडम्बना कतिसम्मको छ भने सूचना प्रविधि विकासका लागि बजेट विनियोजन र नीतिनिर्माण गर्ने विज्ञान, वातावरण तथा प्रविधि मन्त्रालयमा नै सूचना प्रविधि प्रयोग र नीतिनिर्माण तहमा महिलाको सहभागिता छैन । मन्त्रालयमा आईटी उपयोगका लागि नभई दुईजना महिला कर्मचारीलाई टाइप गर्ने कर्मचारीको रूपमा राखिएको छ । मन्त्रालयमा शाखा अधिकृत रहेकी शान्तादेवी पन्तले आफू आएपछि इमेल, इन्टरनेट र अरू सामान्य काम कम्प्युटरमा गर्न लागेको बताइन् । प्रविधिमा अगाडि जानुपर्ने र उदाहरणीय बन्नुपर्ने मन्त्रालय नै त्यसप्रति उदासीन देखिन्छ ।

सुनिन्छ, कुनै बेला त्यस्तो थियो, जतिबेला परेवाको चुच्चोमा खबर पठाइन्थ्यो । बिस्तारै ढोल बजाएर सूचना आदानप्रदान गर्न थालियो । जब मान्छेले लिपि जान्दै गए त्यसपछि चिट्ठीपत्रबाट त्यो काम थालियो । नब्बेको दशकपछि विकास भएको इन्टरनेटले अहिले पृथ्वीलाई यति साँघुरो बनाइदिएको छ कि मान्छेले भौगोलिक दूरीको अनुभव नै गर्नुपरेको छैन । बाँसको कलमदेखि ल्यापटपसम्म आइपुग्दा सूचना प्रविधिको विकास नसोचेको गतिमा भएको छ । तर, महिला विकासको त्यो अवसर उपभोग गर्नबाट अझै वञ्चित छन् । नेपालको भौगोलिक, सामाजिक, आर्थिक, राजनीतिक र साँस्कृतिक अवस्था त्यसको मूल कारण हो । हुन त देशमा उच्चस्तरीय सूचना प्रविधि आयोग र राष्ट्रिय सूचना प्रविधि केन्द्र स्थापना भएका छन् । सूचना प्रविधि नीति, २०५८ ले सूचना प्रविधिलाई ग्रामीणस्तरसम्म पुऱ्याउने लक्ष्य राखेको छ । त्यसमाथि महिलालाई प्राथमिकतामा राख्ने पनि उल्लेख छ, तर व्यवहारमा त्यो कार्यान्वयन भएको छैन । महिलालाई सूचना प्रविधिको पहुँचमा पुऱ्याउने नाममा गत वर्ष केही महिलालाई प्रारम्भिक कम्प्युटर तालिम दिनुबाहेक मन्त्रालयले केही काम गरेको छैन ।

मन्त्रालयका प्रवक्ता पुरुषोत्तम घिमिरे त्यसप्रति महिलाको चासो बढे काम गर्न तयार रहेको दाबी गर्छन् । तर मर्कन्टायलमा प्राविधिकको रूपमा कार्यरत मुना थापा एकजनामात्र महिला केही समयअघि श्रीलङ्कामा भएको दक्षिण एसियाली मुलुकको सूचना प्रविधि सम्मेलनमा सहभागी हुनुले महिलालाई अवसर दिइएको छ भन्ने कुरा त्यति व्यावहारिक भएको देखिँदैन । थापाको तर्क छ, 'छोरीलाई नर्स, डाक्टर वा इन्जिनियर बनाउने अभिभावकको सोचले पनि त्यसो भएको हुन सक्छ ।' उनले महिलालाई हेरिने दृष्टिकोणमा अझै सुधार नआएको अनुभव गरेकी छिन् । भन्छिन्, 'सफ्टवेयर, हार्डवेयर, नेटवर्किङमा महिलाहरू दक्ष भए पनि महिलालाई पत्याउँदैनन् ।' जबसम्म महिलाले पनि आफ्नो सीप पुरुषले सरह देखाउन सक्छे भन्ने सामाजिक मान्यता स्थापित हुँदैन तबसम्म सूचना प्रविधिमा मात्र होइन सबै अवसरमा महिलामाथिको विभेद कायम रहन्छ ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# बच्चा पाउन नसक्दा मर्दैछन् आमाहरू

*जिल्लाका सरकारी अस्पतालमा प्रसूति सेवा लिन चाहने महिलाका लागि निःशुल्क उपचार सेवा उपलब्ध हुन्छ । त्यतिमात्र कहाँ हो र ? यो सेवा लिनेलाई उल्टै पुरस्कारस्वरुप केही रकम पनि दिइन्छ । तर सेवाबारे थाहा नभएका कारण गरिब महिलाले यो सेवा लिएका छैनन् । गरिबका लागि ल्याइएको सुविधा उल्टो हुनेखानेले उपयोग गरेका छन् । प्रशस्त प्रचार नभएका कारण सरकारको नीति लक्षित वर्गसम्म पुग्न सकेन । जसका कारण वर्षेनी बच्चा पाउन नसकेकै कारण धेरै आमाले अकालमा ज्यान गुमाउनुपरेको छ । जुन सङ्ख्या बढ्दो छ ।*

✍ **अमृता अनमोल**

*घरमै बच्चा जन्माउन खोज्दा हाटी बनगाईकी गङ्गोत्री यादवको बेथा २ दिनसम्म लम्बियो । तेस्रो दिन बुहारी आत्तिएको देखेर सासू आफैँले पाठेघरभित्र हात हालिन् । र, जबर्जस्ती बच्चा झिकिदिइन् । विडम्बना ! बच्चासँगै गङ्गोत्रीको पाठेघर पनि निस्कियो । निस्किएको पाठेघरलाई भित्र घचेट्न सासूले धेरै कोसिस गरिन्, तर सकिनन् ।*

**बुटवल** सरितालाई एक्कासि प्रसव बेथाले च्याप्यो । रातदिन बेथा उस्तै रह्यो । एक दिन-दुई दिन गर्दै लगातार ४ दिनसम्म बेथा लम्बियो । तर, बच्चा जन्मने कुनै सङ्केत देखिएन । रगत बग्दाबग्दा शरीर नीलो भयो । हातखुट्टा सुन्निएर खम्बाजस्तै भए । बेथाले च्याप्दाच्याप्दा उनी बोल्न सक्ने अवस्थामा समेत रहिनन् । तैपनि घरबाट अस्पताल लैजाने कुरो चलेन ।

कमाउन भनेर लाहुर गएका उनका पतिले ६ महिनायता पैसा पठाएका थिएनन् । घरमा ३ जना भन्टाङभुन्टुङ छोराछोरीसहित पाका उमेरका सासूससुरा मात्र थिए ।

सरिता आफैँले तिनाउ नदीमा गिट्टी कुटेका भरमा ६ जना परिवारको छाक चलाएकी थिइन् । उनी नै बिरामी परेपछि परिवारमा अब छाक टार्ने समस्या थियो । त्यस्तो अवस्थामा अस्पताल लैजाने रकमको जोहो गर्ने हिम्मत सासूससुरामा भएन । सरसापटी गरेर अस्पताल लैजान पनि थोरै पैसाले पुग्छ भन्ने उनीहरूलाई लागेन ।

५ दिनपछि सरिताको बोली रोकियो । शरीर काप्न थाल्यो । बल्ल सरिता बिरामी परेको खबर टोलमा फैलियो । एक-दुई गर्दै छिमेकी जुट्न थाले । गरिब सरिताका सबै छिमेकीको अवस्था पनि उस्तै थियो । सबैले गिट्टी कुटेकै भरमा परिवार पालेका थिए । तर, धनका गरिब उनीहरू मनका चाहिँ धनी थिए । उनीहरू सबैले ५०-५० रुपैयाँ उठाएर सरितालाई बुटवल अञ्चल अस्पताल लैजाने निधो गरे ।

सल्लाहअनुसार कोही पैसा जुटाउन थाले भने कोही घरेलु स्ट्रेचर खोज्न । केही छिनमा तिनै छिमेकीहरूले नै जीवनमरणको दोसाँधमा रहेकी सरितालाई उठाएर अस्पतालतिर दौडाए । तर, समयले कोल्टे काटिसकेको थियो । एक घन्टा समय लाग्ने अस्पतालको बीचबाटोमा पुग्दानपुग्दै सरिताको सास रोकियो ।

उपचार गराउन हिँडेका छिमेकी सरिताको लाश लिएर फर्किए । बच्चा जन्माउने बेलामा समयमै अस्पताल जान नसक्दा बुटवलको तिनाउ नगरकी सरिता थापाको यसरी ज्यान गयो ।

सरिता मात्र होइन, नेपालमा सुरक्षित मातृत्वको अभावमा ज्यान गुमाउने आमाहरूको सङ्ख्या धेरै छ । यद्यपि हालै सरकारले नेपालमा मातृमृत्युदरमा कमी आएको तथ्याङ्क बाहिर ल्याएको छ । सन् २००६ मा गरिएको प्रारम्भिक तथ्याङ्कअनुसार नेपालमा वार्षिक ४४ सय ७८ महिलाको सुरक्षित मातृत्वको अभावमा मृत्यु हुने गरेको छ । जसअनुसार प्रत्येक दिन १२ जना र प्रत्येक दुई घन्टामा १ जनाको मृत्यु हुने गर्दछ जुन

विश्वकै सबैभन्दा बढी मातृमृत्युदर हो ।

तथ्याङ्कअनुसार मातृमृत्यु हुनेमध्ये ६९.४ प्रतिशत महिलाको घरमा नै मृत्यु हुने गरेको छ। यसैगरी घरबाट स्वास्थ्य संस्थामा लैजाँदालैजाँदै बाटोमा मृत्यु हुने महिला ११.४ प्रतिशत र स्वास्थ्य संस्थामा पुगेपछि मृत्यु हुने २१.२ प्रतिशत छन्। त्यस्तै गर्भवती अवस्थामा २८ प्रतिशत, प्रसूति अवस्थामा १० प्रतिशत र सुत्केरीपछि ६२ प्रतिशत महिलाको मातृमृत्यु हुन्छ।

तथ्याङ्कमा मातृमृत्युका प्रत्यक्ष कारण पनि छुट्याइएको छ। शिशु जन्मिसकेपछि रक्तश्रावका कारण ४६.३ प्रतिशत, सुत्केरी बेथा लामो तथा गाह्रो भएका कारण १६.३ प्रतिशत, उच्चरक्तचापका कारण १४.० प्रतिशत, प्रसवसम्बन्धी सङ्क्रमणजस्तै अत्यधिक ज्वरो तथा प्रजनन अङ्गको सङ्क्रमणबाट ११.८ प्रतिशत, असुरक्षित गर्भपतनका कारणबाट ५.४ प्रतिशत र गर्भावस्थामा रक्तश्रावका कारण ५.४ प्रतिशत महिलाले ज्यान गुमाएका छन्।

उता गत वैशाखमा घरमै बच्चा जन्माउन खोज्दा हाटी बनगाईकी गङ्गोत्री यादवको २ दिनसम्म व्यथा लम्बियो। तेस्रो दिन बुहारी आत्तिएको देखेर सासू आफैँले पाठेघरभित्र हात हालिन्। र, जबर्जस्ती बच्चा झिकिदिइन्। विडम्बना ! बच्चासँगै गङ्गोत्रीको पाठेघर पनि निस्कियो। निस्किएको पाठेघरलाई भित्र घचेट्न सासूले धेरै कोसिस गरिन्, तर सकिनन्। छिमेकी दुई-चार महिलाले पनि कोसिस गरे। तर पाठेघर भित्र गएन।

अन्त्यमा वरपरका छिमेकी जुटे। उपचारका लागि अस्पताल लैजानुपर्ने सल्लाह भयो। तर, साँझ-बिहानको छाक टार्न धौधौ परेको गरिब परिवारले उपचारका लागि अस्पताल लैजान सकेन। आखिरी प्रसवका समयमा उपचार नपाएरै चार दिनको दिन गङ्गोत्रीको मृत्यु भयो।

त्यसैगरी गत भदौमा पेटमा ३ महिनाको बच्चा रहेदेखि हातखुट्टा सुन्निएर दीपनगरकी गोमा विश्वकर्मा र बच्चा जन्मेपछि बढी रगत बगेर दीपनगरकै सीता रजालीको पनि गत कार्तिकमा ज्यान गयो।

नेपालमा बढी मातृमृत्युदर हुने कारण धेरै छन्। तीमध्ये कमजोर आर्थिक स्थिति प्रमुख हो। यसैमाथि स्वास्थ्य सेवा महङ्गो हुनु अर्को विडम्बना छ। यही कमजोर आर्थिक स्थितिका कारण बच्चा जन्मने बेलाका लागि चाहिने खर्चबर्चको पहिलेदेखि नै तयारी गरिँदैन। तयारी गरिहालौँ भनेर सोच्ने महिलाका हातमा पनि पैसा हुँदैन।

सरकारले प्रसूति सेवालाई सर्वसुलभ बनाउन आर्थिक वर्ष २०६२/०६३ देखि प्रसूति सेवा प्रोत्साहन कार्यक्रम लागू गरेको छ। जसअनुसार सरकारी अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्रमा प्रसूति सेवा लिन आउने महिलाका लागि निःशुल्क उपचार सेवा

*त्यहाँ सेवा लिनेहरूको तथ्याङ्क हेर्दा मध्यम आर्थिक स्थिति भएकाहरूको सङ्ख्या बढी छ। तर, अत्यन्तै गरिब मानिसको सहभागिता छैन। परिवार नियोजन सङ्घ बुटवलकी सुपरभाइजर निरू श्रेष्ठ भन्छिन्, 'उनीहरू सरकारी सहुलियतबारे जान्दैनन्। रकम खर्च गरेर सुत्केरी सेवा लिन पनि सक्दैनन्। त्यसैले अस्पताल आउँदैनन्। बरु अकालमै मरिरहन्छन्।'*

हुन्छ। प्रसूति सेवा प्रोत्साहनस्वरूप अस्पतालबाट उल्टै रकम पनि दिने गरिन्छ। अस्पताल आउँदासम्मको यातायात खर्च भनेर दिइने त्यस्तो रकम हिमाली जिल्लामा रु. १ हजार ५ सय, पहाडी जिल्लामा रु. १ हजार र तराईका जिल्लाहरूमा ५ सय रुपैयाँ रहेको छ। सामान्यतया २ वटा जीवित बच्चा हुँदासम्म महिलाले त्यस्तो सुविधा लिन पाउने व्यवस्था छ। तर, जटिल समस्या भएर आउने जुनसुकै महिलाले भने जतिसुकै बच्चा भए पनि त्यस्तो सुविधा लिन पाउँछन्। उनीहरूलाई बच्चाको हदबन्दी लगाइन्न।

जनस्वास्थ्य कार्यालय रूपन्देहीका अनुसार रूपन्देहीमा प्रसूति सेवा प्रोत्साहन सुविधा लिन पाउने ३ वटा स्वास्थ्य केन्द्र छन्। परिवार नियोजन सङ्घ बुटवल, लुम्बिनी अञ्चल अस्पताल बुटवल र भीम अस्पताल बुटवलमा यस्तो सुविधा पाइन्छ। जहाँ मासिक करिब सयजनाका दरले सुत्केरी सेवा लिएका छन्। त्यहाँ सेवा लिनेहरूको तथ्याङ्क हेर्दा मध्यम आर्थिक स्थिति भएकाहरूको सङ्ख्या बढी छ। तर, अत्यन्तै गरिब मानिसको सहभागिता छैन। परिवार नियोजन सङ्घ बुटवलकी सुपरभाइजर निरू श्रेष्ठ भन्छिन्, 'उनीहरू सरकारी सहुलियतबारे जान्दैनन्। रकम खर्च गरेर सुत्केरी सेवा लिन पनि सक्दैनन्। त्यसैले अस्पताल आउँदैनन्। बरु अकालमै मरिरहन्छन्।'

एकातिर सरकारले प्रसूति सेवालाई प्रोत्साहन गर्न तथा गरिब तथा अस्पतालको पहुँच नपुग्नेहरूका लागि सहयोग गर्न भन्दै प्रसूति सेवा प्रोत्साहन कार्यक्रम लागू गरेको छ। अर्कोतिर कमजोर आर्थिक स्थितिका कारण स्वास्थ्य क्षेत्रमा जान नसकेर दिनहुँ सयौं गर्भवती महिला मरिरहेका छन्।

कारण के त ? सुरक्षित मातृत्व समता तथा

पहुँच अभिवृद्धि कार्यक्रमकी संयोजक निर्मला अधिकारीका अनुसार सबै नेपालीमा सुरक्षित सुत्केरी गराउनुपर्छ भन्ने चेतना नभएकाले यस्तो भएको हो । उनीहरू जतिसुकै जटिल र खतरा भए पनि परम्परागत रूपमा घरमै सुत्केरी गराउँछन् । पछिल्लो समयमा सुरक्षित सुत्केरी गराउनुपर्छ भन्ने चेतना थपिएको छ । तथापि चेतना भएका सबै गरिब समुदायले पनि पैसाको जोहो गर्न सक्दैनन् । पैसा नभएपछि गर्भवती महिलालाई अस्पतालसम्म लैजाने आँट नै गर्दैनन् ।

'त्यसैले सरकारले सुविधा दिए पनि तिनै गरिब महिला सुरक्षित मातृत्वका लागि अस्पताल जाँदैनन् र अकालमा मर्छन् । किनभने उनीहरूमध्ये धेरैलाई सरकारले सरकारी अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा निःशुल्क सुत्केरी सेवा तथा सहुलियत दिएकोबारे थाहा छैन,' संयोजक अधिकारी सुनाउँछिन् ।

लुम्बिनी अञ्चल अस्पताल बुटवलका महिला रोग तथा प्रसूति विशेषज्ञ गिरिधारीलाल न्यौपाने भन्छन्, 'सरकारले निःशुल्क सुत्केरी सेवा तथा सहुलियत दिनुको उद्देश्य सुरक्षित मातृत्व सेवामा गरिब समुदायको पहुँच पुऱ्याउनु हो । जसअनुरूप प्रसूति सेवा प्रोत्साहन कार्यक्रम लागू पनि गरेको छ । तर, गरिब समुदायले थाहा पाउने गरी त्यसको प्रचारप्रसार भएन ।' न्यौपानेका अनुसार गाउँले, गरिब र अशिक्षित मात्र होइन, सहरबजारका शिक्षित धेरैजसो मानिसलाई पनि प्रोत्साहन कार्यक्रम लागू भएको थाहा छैन । कुनै पनि कामको प्रचारप्रसार भएन भने त्यसको अर्थ रहन्न । 'गरिबलाई दिइएको सरकारी सहुलियत पनि त्यसै खेर गएको छ । डा. न्यौपाने अगाडि भन्छन्, 'थाहा नै नभएकाहरू अस्पतालमा कसरी आऊन् ? त्यसैले मातृमृत्युदर पनि घटाउन नसकिएको हो ।'

मातृमृत्युदर घटाउने उपायका सम्बन्धमा सिद्धार्थ महिला तथा बाल अस्पताल आम्दा बुटवलकी महिला रोग विशेषज्ञ डाक्टर विनिता सुवेदी भन्छिन्, 'सुरक्षित मातृत्व के हो ? त्यसबारे गरिब समुदायका धेरैलाई थाहा नै छैन । त्यसैले सरकार र गैरसरकारी संस्था दुवैले त्यसबारे जानकारी दिने कुनै नयाँ कार्यक्रमको थालनी गर्नुपर्छ ।'

सरकारी अस्पतालका सेवा छिटो, सजिलो र भरपर्दो बनाउन नसकिएको कारण पनि थुप्रै महिलाले ज्यान गुमाउनु परिरहेको छ । गरिब समुदायलाई लक्षित गरी सरकारी प्रसूति सेवा प्रोत्साहन कार्यक्रमको व्यापक प्रचारप्रसार गरिनुपर्छ । यो पनि मातृमृत्युदर घटाउने एउटा महत्वपूर्ण कडी हुन सक्छ ।

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# कामकाजी महिलालाई दोहोरो मार

*आफ्नी श्रीमती, छोरी, बुहारीले पनि जागिर खाऊन्, पैसा र नाम दुवै कमाऊन् भन्ने चाहना घरपरिवारमा बढेको छ तर उनीहरू काममा गएपछि घरको कामको व्यवस्थापन कसरी गर्ने ? अफिसमा वा काममा उनीहरूलाई सफलता दिलाउन घरमा लेखपढ र तयारीको समय कसरी मिलाउने ? यसबारे निकै कम परिवारले मात्र सोचेको पाइन्छ । जसले गर्दा काम गरिरहेको ठाउँमा प्रभावकारी काम गर्न, स्तरवृद्धि हुन र थप सम्भावनाहरू खोज्न महिलाले समस्या भोग्दै आएका छन् ।*

**इन्दिरा अर्याल**

**बुटवल** दीपनगरका कृष्ण अर्याल र लक्ष्मी अर्याल श्रीमान्-श्रीमती हुन् । उनीहरू कारखानामा सँगै काम गर्छन् । ड्युटी समय हेरफेर भए पनि दुवै नियमित ८ घन्टा काम गर्छन् । बढी समय काम गर्नुपरे दुवैले समान दरमा अतिरिक्त पैसा पनि पाउँछन् । तैपनि यी दुईको दैनिकी भने निकै भिन्न छ ।

श्रीमान्-श्रीमती दुवैले काम गर्ने एउटै ठाउँ बुटवल धागो कारखाना हो । कामबाट दुवैले समान ज्याला पाउँछन् । कारखानामा काम गर्दाको जोखिम दुवैमा उस्तै हुन्छ । तथापि काममा जाने र कामबाट फर्कने बेलाको मानसिकता भने दुवैमा फरक-फरक छ ।

बिहानको ड्युटी पर्दा लक्ष्मीलाई ४ बजे नै उठ्नुपर्छ । उठेर पानी भर्ने, झाडु लाउने, ओछ्यान र कपडा पट्याउने, कपडा धुने र खानाका लागि रेखदेख नगरी उनले अफिस सम्झन पनि सक्दिनन् । सबै काम सकेर खाने समय भए खान्छिन् ढिलो भए त्यसै

दौडन्छिन् । पाहुनापासा आएको बेला त झनै अप्ठ्यारो पर्छ । त्यस्तो बेला उनी पाँच बजे नै सबै तयार पारेर बल्ल हिँड्छिन् ।

एउटै कार्यालयमा काम गर्ने श्रीमान् कृष्ण बिहान ६ बजे ड्युटी छँदा ५ बजे उठ्छन् । कसैले चिया टक्र्याए खान्छन् नत्र त्यसै जान्छन् । 'अरू त के गर्ने हो र ? हामीलाई भित्रको खासै थाहा हुँदैन । एउटाले हेरे भइहाल्यो नि । श्रीमती बिरामी हुँदा, नछुनी हुँदा र अप्ठ्यारो पर्दा गरिहालिन्छ,' उनले भने ।

ड्युटी समय फेरिँदा कहिले कृष्णको बिहानमा ड्युटी पर्छ त कहिले लक्ष्मीको । कृष्णको पर्दा लक्ष्मीले बिहान चियाखाजा खुवाएर पठाउँछिन् । खाना बनाएर १० बजे कारखानामा खाना पुऱ्याउँछिन् र दिनको ड्युटी जान्छिन् । तर, लक्ष्मीको बिहानमा ड्युटी पर्दा भने बिहान चियाखाजा पनि आफैँ बनाउँछिन् । दिउँसो कृष्णले खाना त पुऱ्याउँछन् तर काममा थाकेको बेला खाउँजस्तो खाना हुँदैन ।

कृष्ण र लक्ष्मीको मात्रै होइन, श्रीमान्-श्रीमती दुवैले काम गर्ने अधिकांश घरपरिवारमा अहिले पनि यही अवस्था भेटिन्छ । आफ्नी श्रीमती, छोरी, बुहारीले पनि जागिर खाऊन्, पैसा र नाम दुवै कमाऊन् भन्ने चाहना घरपरिवारमा बढेको छ तर उनीहरू काममा गएपछि घरको कामको व्यवस्थापन कसरी गर्ने ? अफिसमा वा काममा उनीहरूले सफलता पाउन घरमा लेखपढ र तयारीको समय कसरी मिलाउने ? यसबारे निकै कम परिवारले मात्र सोचेको पाइन्छ । जसले गर्दा काम गरिरहेको ठाउँमा प्रभावकारी काम गर्न, स्तरवृद्धि हुन र थप सम्भावनाहरू खोज्न महिलाले समस्या भोगेका छन् ।

शिक्षण पेशा अथवा दशदेखि पाँचसम्म ड्युटी गर्ने प्रायः महिलाको अनुभवमा बिहान सबेरै उठेर घरको सम्पूर्ण काम सक्दा अफिस जाने बेलासम्म थकाइ लागिसकेको हुन्छ । परिवार नियोजन सङ्घ बुटवलकी फिल्ड सुपरभाइजर निरू बज्राचार्यका अनुसार अफिस वा स्कुलमा अल्छी गरेर भएन, अरूसँग प्रतिस्पर्धामा काम गर्दा कहिलेकाहीँ निकै मुस्किल पर्छ । 'सँगै काममा जाने र सँगै आउने भए पनि अफिसबाट घर आएपछिको हाम्रो व्यक्तित्व धेरै फरक हुन्छ । घर-छिमेकीका कुरा सुन्ने, रेडियो, टी.भी. र पत्रिका सुन्न, हेर्न र पढ्न प्रायः महिलाले पाउँदैनन् । जसले गर्दा उनीहरू सूचनाबाट वञ्चित भई काममा पनि असर पुग्छ,' साधना महिला विद्यालयकी सावित्री अर्यालले भनिन् ।

उसो त घरपरिवारले व्यवस्थापन तथा कामकाजी महिलाको अवस्था नबुझिदिँदा कतिपय महिलाले जागिरबाट हात धोएका उदाहरण पनि छन् । 'मैले बिहे नहुँदादेखि जागिर खाएँ । बिहेपछि ५-६ महिना काम गरेँ । तर घरमा पनि कसैले काममा नसघाउने । दिनभर अफिसको टेन्सन, साँझ-बिहान घरको ठूलो

*सुनिताका श्रीमान् पनि जागिरे हुन् । उनी भन्छन्, 'अफिस र घरको काम गर्दा सुनितालाई धेरै लोड भयो । बच्चाको पनि भविष्य हेर्नुपऱ्यो । कहिलेकाहीँ यसो उनलाई सघाउँदा पनि वरिपरिकाले जिस्क्याउँछन् । नगरेको काम गर्न अप्ठ्यारो पर्दोरहेछ ।' उनले आफूले घरको काम नगर्नुको र आफ्नी श्रीमतीले जागिर छोड्नुपर्नाको कारण स्पष्ट पार्दै थपे ।*

झम्मार । बिरामी परेँ अनि जागिरबाट राजीनामा दिएँ,' प्राइभेट अफिसमा काम गरेकी सुनिता ढकालले भनिन् ।

सुनिताका श्रीमान् पनि जागिरे हुन् । उनी भन्छन्, 'अफिस र घरको काम गर्दा सुनितालाई धेरै लोड भयो । बच्चाको पनि भविष्य हेर्नुपऱ्यो । कहिलेकाहीँ यसो उनलाई सघाउँदा पनि वरिपरिकाले जिस्क्याउँछन् । नगरेको काम गर्न अप्ठ्यारो पर्दोरै'छ ।' उनले आफूले घरको काम नगर्नुको र आफ्नी श्रीमतीले जागिर छोड्नुपर्नाको कारण स्पष्ट पार्दै थपे ।

हुनत, समाजमा परम्परागत रूपमा गरिआएको काम भन्दै महिला स्वयम्ले पनि घरको काम आइमाईको भन्ने गरेको पाइन्छ । कहिलेकाहीँ घरको काममा सघाउन लाग्दासमेत 'भो तपाईंले के गर्नुहुन्छ र ?' भन्ने चलन पनि धेरै छ । यस्तो कुराले महिलालाई झनै बढी कामको बोझ बढेको छ । अर्कोतिर महिलाले यसो गरौँ, उसो गरौँ भन्दा आफूलाई हेपेको भन्ने पुरुषवादी चिन्तनले पनि सहमति र समझदारीमा काम गर्न बानी परेको छैन । महिला छिटो उठ्नैपर्ने । चिया पकाई बिस्तरामा चिया लगेर श्रीमान् र छोराछोरीलाई उठाउनुपर्ने । उनीहरू उठेपछि बिस्तराहरू मिलाउनुपर्ने, सुसारेले जस्तै काम गरेर धेरै महिलाको बिहान बित्छ । त्यसमाथि साना बच्चा भएमा उनीहरूको चित्त बुझाएर स्याहारसुसार गर्नु पनि प्रायः घरमा महिलाको मात्र काम हो । बच्चाले दुःख दिने, रुने, कराउने गर्दा 'एउटा बच्चा पनि हेर्न सकिन्न' भनेर परिवारले थर्काएको सुन्न पनि अधिकांश महिलालाई बानी परिसकेको छ ।

गाउँमा भन्दा सहरमा अवसर धेरै पाइन्छ भनेर गाउँबाट पढ्न, जागिर खान वा व्यापार-व्यवसाय गर्न तराई आएका, सहरबजारतर्फ लाग्नेहरू आजभोलि धेरै छन् । तीमध्ये कतिपयले सहरबजारमा झरेपछि

*अफिसमा काम गर्दा सबैका कुरा राम्रा हुन्छन् । भाषण गर्दा घरको कामको मूल्याङ्कन हुनुपर्ने र घरमा सघाएर महिलालाई आत्मनिर्भर बनाउनुपर्छ भनेर भाषण नगर्ने कमै हुन्छन् । तर, यथार्थमा पहिला गरिएन अब के गर्ने ? घरभित्रका सानातिना काम गर्दा फलानाले के भन्लान् ? यस्तै सोचाइले गर्दा व्यवहारमा राम्रो परिवर्तन हुन सकेको छैन ।*

परिस्थितिअनुसार चल्दै घर वरपर सबैतिर मिलिजुली काम गर्न पनि थालेका छन् । तर, धेरैको घरपरिवारमा भने त्यस्तो विभेद अझै कायम छ। जसले गर्दा कामकाजी महिलाले अफिस र घर गरी दुवैतिरको दोहोरो मार खेप्नुपरेको छ ।

खासगरी सभ्य र शिक्षित समाजमा पनि यस्तो समस्या हुँदा समस्या समाधानतिर कसरी जाने भन्ने विकल्प खोज्न पनि गाह्रो भएको छ। घरबाहिर गएर महिलालाई आफ्नै श्रीमान्को बखान गर्न पनि झन् बढी लाजमर्दो भएको छ। 'नबुझ्नेलाई बुझाउन पो सकिन्छ त ? जसले वर्षौंदेखि सबै परिस्थिति बुझेको छ। घरबाहिर समानताका मीठा कुरा गर्ने गरेको छ। उसैले व्यवहारमा महिला-पुरुष समानताको काम गर्दैन। घरभित्रको काम महिला अर्थात् श्रीमतीको पेवा सम्झन्छ। यो समस्या जटिल समस्या हो। कामकाजी महिलाहरूले यस्ता समस्या भोग्नुपर्दा नै आफ्ना काममा उन्नति गर्न नसकेका हुन्,' एक दशकदेखि शिक्षा पेशामा संलग्न शिक्षिका मीना केसी भन्छिन् ।

महिलाविरुद्ध हुने घरेलु हिंसा न्यूनीकरण परियोजनामा केही समय काम गरेकी शान्ता आलेका अनुसार कतिपय महिलाले जागिर वा आत्मनिर्भर बन्न खोज्दा परिवारबाट एक्लिनुपरेको छ। जागिर वा आफूले गरेको पेशालाई प्राथमिकता दिँदा कतिपय महिलाले रातदिन झगडा र सम्बन्धविच्छेदको धम्की पनि खानुपरेको छ ।

'अफिसमा काम गर्दा सबैका कुरा राम्रा हुन्छन् । भाषण गर्दा घरको कामको मूल्याङ्कन हुनुपर्ने र घरमा सघाएर महिलालाई आत्मनिर्भर बनाउनुपर्छ भनेर भाषण नगर्ने कमै हुन्छन् । तर, यथार्थमा पहिला गरिएन अब के गर्ने ? घरभित्रका सानातिना काम गर्दा फलानाले के भन्लान् ? यस्तै सोचाइले गर्दा व्यवहारमा राम्रो परिवर्तन हुन सकेको छैन। महिलाहरू अघि बढ्नबाट वञ्चित भएका छन्,' सामाजिक कार्यकर्ता निर्मला अधिकारीले सुनाइन् ।

कुरा सामान्यझैं लाग्छ, तर यस्ता समस्याले केही गरौं भनेर आँट गरेर काममा होमिएका महिलालाई धेरै निराश बनाउँछ। 'सरकारी होस् वा निजी कार्यालयहरू, त्यहाँ पनि महिलाले काम गर्ने वातावरण राम्रो बनिसकेको छैन। घरमा पनि काम गर्न सहयोगी वातावरण तयार छँदैछैन। बरु 'अफिस जाने-आउने गरेर मात्रै भयो ?' भन्ने परिवारको लाञ्छनायुक्त बोलीका कारण थुप्रै कामकाजी महिलामा अहिले निराशावादी चिन्तन पनि बढेको छ। अगाडि बढ्न चाहने महिलामा निराशा बढ्नु भनेको महिलाको मात्रै होइन यसले परिवारलाई नै समस्यामा पार्छ। 'समानताका लागि समान काम, व्यावहारिकतामा लागू नभएसम्म समानताको भाषणले मात्रै अर्थ राख्दैन,' सामाजिक कार्यकर्ता निर्मला अधिकारी भन्छिन् ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# दराजमा थन्किए शैक्षिक प्रमाणपत्र

*परिवार र समाजले घरबाहिर काम गर्ने अनुमति नदिएपछि पढेलेखेका मुस्लिम महिला आफ्ना शैक्षिक प्रमाणपत्र दराजमा थन्क्याउन बाध्य छन् । पढेर केही गर्ने उनीहरूको इच्छा धोकोमै सीमित भएको छ । अरूको 'नजर' पर्ने डरले पढ्नै नपाउने र पढिहाले घरबाहिर काम गर्न नपाउने मुस्लिम महिलाको साझा समस्या हो ।*

✍ **अछरी पोखरेल**

**बा "के** पढेपछि सरकारी जागिर खाने ठूलो धोको थियो उनको । त्यही धोको पूरा गर्न पढाइमा ध्यान दिइन् । मानविकीमा स्नातक उत्तीर्ण पनि गरिन् । भर्खर काम सुरु गर्दै थिइन्, आमाबाबुले बिहे गरिदिए । बिहेपछि बाहिर जागिर गर्न परिवारले अनुमति दिएन । नेपालगञ्ज नगरपालिका एक्लैनी रोडकी ३२ वर्षीया सुरैया इराकी काम गर्न नपाएपछि शैक्षिक प्रमाणपत्र दराजमा थन्क्याउन बाध्य छिन् ।

अधिकृत तहको जागिर खाने हैसियत राख्ने सुरैया अहिले घरको चार पर्खाल र चुलोचौकोमा सीमित छिन् । समाजका अगाडि केही गरेर देखाउने उनको अठोट परिवारकै कारण बीचैमा तुहियो । भन्छिन्, 'छोरी भएर जन्मेपछि आफैँले मात्र चाहेर नहुँदोरहेछ ।' गोरखपुरको युनिभर्सल कलेजबाट उनले स्नातक गरेकी थिइन् । रेलवे स्टेसनमा जागिर गर्न थालेकी थिइन् केही समय । तर, जागिर थालेको एक वर्ष नबित्दै उनको नेपालगञ्जमा बिहे भयो । बिहेपछि जागिर गर्ने अनुमति नमिलेपछि खाइपाई आएको जागिर छाड्न बाध्य भइन । कारण थियो, परिवारको दबाब । जागिर र लोग्ने रोज्नुपर्ने भएपछि उनले जागिर छाड्नैपर्‍यो ।

सासूले 'बुहारीमान्छे, बाहिर जागिर गरेको राम्रो हुँदैन, समाजले कुरा काट्छ' भन्दै जागिर छोड्न लगाएकी थिइन् । उनले त्यसको प्रतिवाद गर्न सक्ने कुरै भएन । सुरैया दुःखेसो सुनाउँछिन्, 'पढेर सरकारी जागिर खाने र केही गरेर देखाउने धोको थियो, कहिल्यै पूरा नहुने भो ।'

यसैगरी नेपालगञ्ज-९ की ३३ वर्षीया मैमुना सिद्दीकी स्नातकोत्तर (एमए) उत्तीर्ण छिन् । गोरखपुर युनिभर्सिटीबाट एमए पास गर्दा उनको सरकारी सेवामा प्रवेश गर्ने धोको थियो । सरकारी सेवामा महिला सहभागिता एकदमै न्यून भएका बेला उनलाई आफूले केही गर्न सक्छु भन्ने आँट थियो । तर, त्यही बेला बिहे भयो । नेपालगञ्जमा बिहे गरेर आएपछि उनले योग्यताअनुसारको जागिर खाने योजना बनाइन् तर, घरबाट जागिर खान त के अनुमति नलिई घरबाहिर

*जागिर थालेको एक वर्ष नबित्दै उनको नेपालगञ्जमा बिहे भयो । बिहेपछि जागिर गर्ने अनुमति नमिलेपछि खाइपाई आएको जागिर छाड्न बाध्य हुनुपर्‍यो । कारण थियो, परिवारको दबाब । जागिर र लोग्ने रोज्नुपर्ने भएपछि उनले जागिर छाड्नैपर्‍यो ।*

निस्कन पनि दिइएन । त्यसपछि शैक्षिक योग्यताका प्रमाणपत्र दराजमा थन्क्याउनुको विकल्प भएन । उनको 'डिग्री' योग्यता दराजभित्रै कैद भयो ।

केही वर्षपछि छोराछोरी जन्मे, खाने मुख बढ्दै गए । लोग्नेको मात्रै कमाइले घरखर्च धान्न धौधौ भयो । जागिर खाने अनुमति थिएन, त्यसैले उनले महिला मात्र हुने नारी विकास केन्द्रबाट सिलाइकटाइको तालिम लिइन् । घरखर्च चलाउन केही सहयोग होला भनेरै तालिम लिइसकेपछि ४ महिनाको काखे बच्चा सासूको जिम्मामा छोडेर आफ्नै (मुस्लिम) समुदायका महिलालाई सिलाइकटाइ तालिम दिन सुरु गरिन् । तर पनि आफ्नै समुदायभन्दा बाहिरका महिलासँग भने सामान्य बोलचाल गर्न पनि पाउँदिनन् उनले ।

२०६० सालमा मुस्लिम महिलाका लागि काम गर्ने भनेर मुस्लिम महिलाले फातिमा फाउण्डेसन भन्ने संस्था खोले, उनी त्यहीँ काम गर्न थालिन् । बिहान खाना पकाउने, दशदेखि दुई बजेसम्म सिलाइकटाइ तालिम दिने, दुईदेखि चार बजेसम्म संस्थामा काम गर्ने र बेलुका फेरि घरमा गएर खाना पकाउने उनको दिनचर्या बन्यो त्यतिबेला । लोकसेवा आयोगमा थुप्रैपल्ट फर्म खुले तर उनले भर्न पाइनन् । उनी गुनासो गर्छिन्,

'नाम निस्किहाले पनि घरबाहिर काम गर्न पाइँदैन, त्यसैले चुपचाप छु ।'

हरेक क्षेत्रमा महिला सहभागिताका कुरा जोडतोडका साथ उठेको छ । शिक्षादेखि अवसरमा पनि महिला पछि परेकाले समावेशीका मुद्दा निरन्तर अगाडि आइरहेका छन् । तर, मुस्लिम महिला शैक्षिक योग्यता र हातमा सीप हुँदाहुँदै पनि आफ्नै समुदायको अवरोधले चार पर्खालभित्र सीमित हुन बाध्य छन् । नेपालगञ्जका सुरैया र मैमुना तिनै प्रतिनिधि पात्र हुन् । मुस्लिम समुदाय अहिले पनि महिलाका बारेमा उदार बन्न सकेको छैन भन्ने प्रमाण हो यो ।

जमानामा प्रमाणपत्र तह उत्तीर्ण गरेकी नेपालगञ्ज-एक्लैनी कुमारानटोलकी ३५ वर्षीया साफिया अन्सारीको नियति पनि सुरैया र मैमुनाको भन्दा फरक छैन । भारतमा जन्मेर उतै पढाइ पूरा गरेकी साफियालाई बुहारी बनेर नेपालगञ्ज आइसकेपछि घरबाहिर काम गर्ने 'छुट' मिलेन । घरका बुहारी जागिर खान बाहिर गए परपुरुषले नजर लाउँछन् भन्दै परिवारले बाहिर काम गर्न रोक लगायो । 'पढेरमात्र हुँदोरहेनछ, बाहिर काम गर्न जाँदा समाजको नजरमा गिर्नुपर्छ, त्यसपछि समाजले हामीलाई हेर्ने नजर नै फरक हुन्छ,' उनी बाध्यता सुनाउँछिन्, 'जस्तो काम पनि गर्न सक्छौं भन्ने आत्मविश्वास छ, तर यही समाजमा बसेपछि त्यसको खिलाफमा पनि जान सकिन्न ।'

इस्लाम धर्मले मुस्लिम पुरुष र महिलामा विभेद नगरे पनि समुदायकै केही अगुवाले बनाएको नियम र संस्कारको सिकार बनेका छन्, मुस्लिम महिला । महिलाका नियम पुरुषका भन्दा केही कडा नै छन्, उनीहरूले बुर्का लगाउनुपर्छ । तर, के पनि बिर्सनुहुँदैन भने पाकिस्तानमा मुस्लिम महिला बुर्का लगाएर जहाज उडाउँछन्, बुर्कामै अस्पतालमा बिरामीको शल्यक्रिया गर्छन् भने यहाँचाहिँ घरबाहिरै किन निस्कन नपाउने ? मुस्लिम धर्मगुरु तथा मदरसा इस्लामिया सङ्घका अध्यक्ष मौलाना अब्दुल जब्बार मन्जरी यसका लागि समाजकै सोचाइ बदल्नुपर्ने बताउँछन् । 'पढ्नमा रोक कसैलाई छैन । इस्लाम धर्ममा खानबस्नजस्तै शिक्षा अनिवार्य छ, तर नियमभित्र पनि बस्नुपर्छ,' उनी भन्छन्, 'समुदायले बनाएका कतिपय नियम अनुपयुक्त पनि छन्, त्यसका लागि त समाजकै सोचाइ र चेतनामा परिवर्तन आउनुपर्‍यो ।'

मुस्लिम बालबालिकाले शिक्षाको सुरुवात गर्ने ठाउँ मदरसा अर्थात् धार्मिक पाठशाला हो । तर, त्यहीँ पनि छोरीहरूको पहुँच एकदमै कम छ । मदरसा नै नपढेपछि धेरै मुस्लिम छोरी उच्चशिक्षा अध्ययन गर्न जाने कुरै भएन । पुरुष पढ्ने अन्य पाठशालामा छोरी पठाउन मुस्लिम समुदायमा अझै पनि प्रतिबन्ध छ । अन्यत्रैबाट पढेलेखेकाहरू पनि योग्यताअनुसारको काम गर्न पाउँदैनन्, समाजका कडिकडाउ नियमले गर्दा ।

*मुस्लिम महिला शैक्षिक योग्यता र हातमा सीप हुँदाहुँदै पनि आफ्नै समुदायको अवरोधले चार पर्खालभित्र सीमित हुन बाध्य छन् । नेपालगञ्जका सुरैया र मैमुना तिनै प्रतिनिधि पात्र हुन् । मुस्लिम समुदाय अहिले पनि महिलाका बारेमा उदार बन्न सकेको छैन भन्ने प्रमाण हो यो ।*

यस्तो हालत भोग्दै आएका मुस्लिम महिलाको अवस्था कहिले सुध्रिने ? 'मुख्य कुरा चेतनाको हो, हाम्रो समुदायमै त्यस्तो चेतना फैलाउनु आवश्यक छ, सबैलाई चेतना दिनुपर्ने भएको छ,' लामो समयदेखि मुस्लिम महिलाको हकहितमा सङ्घर्षरत मुस्लिम महिला नेतृ तथा फातिमा फाउण्डेशनकी अध्यक्ष मोहम्मदी सिद्दीकी भन्छिन्, 'शिक्षाको मूलप्रवाहमा ल्याउन र रोजगारीमा पहुँच बढाउन राज्यले पनि प्रष्ट नीति बनाउनुपर्छ ।'

समुदायमा चेतना फैलाइएमा मुस्लिम महिला पनि घरबाहिर निस्केर काम गर्ने वातावरण बन्ने ठहर धेरैजसोको छ । र, यदि त्यस्तो भइहाले त्यहाँ अर्को खाँचो पर्नेछ, अवसरको । 'मुस्लिम महिला धेरै सक्षम पनि छन्, तर अवसर केही छैन,' सिद्दीकी भन्छिन्, 'त्यसका लागि राज्यले उचित अवसर र रोजगारीको सिर्जना गर्नुपर्छ ।'

शिक्षामा मुस्लिम महिलाको पहुँच एकदमै कम छ, धेरैजसो अशिक्षित छन् । त्यसमाथि समाजका नियम र पुराना संस्कारले उनीहरूलाई झनै चेपुवामा पारेको छ । कोहीचाहिँ शिक्षामा पहुँच भए पनि समाजको हेराइ सहयोगी नहुँदा आफ्नो योग्यता आफैँभित्र सीमित पार्न बाध्य छन् । जिल्ला शिक्षा कार्यालय बाँकेका योजना अधिकृत डबल बीसी शिक्षादेखि रोजगारीसम्म मुस्लिम महिलाको पहुँच दयनीय हुनुमा सबैभन्दा दोषी मुस्लिम समुदायभित्रकै कुरीति र पुरानो संस्कार देख्छन् । 'चेतनाको कमी, महिला पुरुषको दास मात्र हो भन्ने सोचाइ र कट्टर संस्कारका कारण शिक्षादेखि रोजगारीमा उनीहरूलाई अवरोध परिवार र समाजबाटै छ,' उनी भन्छन्, 'त्यसका लागि सबैभन्दा पहिलो सुरुवात समाजबाटै हुनुपर्छ, समाजको परम्परागत सोचाइमा परिवर्तन आउनुपर्छ ।' उनी सरकारका निकायहरू जिल्ला विकास समिति र नगरपालिकादेखि विभिन्न सङ्घसंस्थाले मुस्लिम समुदायका महिलामा 'एक परिवार

एक रोजगार' जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने खाँचो औँल्याउँछन् ।

तर, अहिलेसम्म राज्यले मुस्लिम महिलाका लागि कुनै योजना र नीतिनियम बनाएको थाहा छैन । पढ्नै नपाउने, पढे पनि रोजगारीका लागि घरपरिवार-समाजको अनुमति नमिल्ने समस्या त एकातिर छँदै छ । अर्कातिर रोजगारीको अवसर पनि पाएका छैनन् । उनीहरूमा 'आफना लागि न समाज न त राज्य नै' भन्ने सोचाइ बढ्दै जानु पक्कै सुखद होइन ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# बढ्दै छ सम्बन्धविच्छेद

*१८ वर्षको उमेरमा विवाह गरेकी जानुकाले लोग्नेको दुर्व्यवहारकै कारण दुई वर्षअघि पारपाचुके गरेकी हुन् । सामान्य असहमति र ठट्टामै उनले सम्बन्धविच्छेदको निर्णय लिएकी भने होइनन् । धेरै सहिन् । यातना कम होलाभन्दा झन् बढ्दै गयो । यो समस्या जानुकाको मात्र होइन । परम्परावादी सोच भएका महिला श्रीमान्को यातनालाई कर्मको खेल मान्छन् भने सचेत महिला सम्बन्धविच्छेद गरेरै भए पनि आफ्नो जीवन खुशीसाथ बाँच्न खोज्छन् ।*

## ✍ बिनु पोखरेल

**कास्की** आफैँले रोजेर पाँच वर्षअघि विवाह गर्दा पोखरा बैदाम निवासी सरिता पहारीले यति चाँडै अलग्गिनुपर्ला भन्ने सपनामा पनि चिताएकी थिइनन् । तर, भयो त्यस्तै । सँगै बस्ने धेरै प्रयास गरे पनि पूरा नभएपछि उनी अलग्गिनन् मात्र सम्बन्धविच्छेद गरेर आफ्नो बाटो पनि समातिन् ।

विवाह गरेपछि पनि उनको पढ्ने धोको थियो । तर, पढ्ने समय घरको काम र श्रीमान्को स्वार्थमा बाँधिनुपर्ने भएपछि यो बाटो रोजेको निर्धक्क साथ सरिता बताउँछिन् ।

'कहिले मेरो चाहना पूरा गरिनस् भन्ने त कहिले पढेर मेरोबारेमा सोच्नै छाडिस् भन्थे । यस्तै निहुँमा श्रीमान्को गाली र कुटपिट बारम्बार खेप्नुपर्‍यो,' उनले भनिन्, 'पढ्न नपाउनु त छँदै थियो, त्यसमा पनि रातदिनको मानसिक तनाव खप्न नसक्ने भएपछि सम्बन्धविच्छेद गरेकी हुँ ।'

उनकी एक छोरी छिन् । छोरीलाई माइतै राखेर पढाएकी छिन् । आफू काठमाडौंमा पढ्ने र जागिर खाने गर्छिन् । 'अहिलेको लोग्नेमानिस आधुनिक र व्यावहारिक होलान् भन्ने सोची बिहे गरेँ, त्यस्तै सम्झौतामा छोरी पनि भई, तर बिहेपछि वास्तविकता त्यस्तो भएन,' उनले भनिन्, 'तनाव र घृणाको जिन्दगी बाँच्नुभन्दा त स्वतन्त्र भएर एक्लै बस्नु वेश लाग्यो ।'

उनको जस्तै पीडा बोकेकी छिन् पोखरा निवासी जानुका पौडेलले पनि । १८ वर्षको उमेरमा

*अनुसन्धान पुस्तकमा सम्बन्धविच्छेद भएकामध्ये ३७ प्रतिशत महिला मात्र आत्मनिर्भर रहेको उल्लेख छ । झण्डै ३३ प्रतिशत महिलाले कुण्ठित जीवन बिताइरहेका छन् भने २९ प्रतिशत महिला माइतीको शरणमा बसेका छन् । त्यस्तै सम्बन्धविच्छेदपछि ८० प्रतिशत बच्चा आमासित छन् भने २० प्रतिशत मावलीमा बस्ने गर्छन् ।*

विवाहबन्धनमा बाँधिएकी जानुकाले लोग्नेको दुर्व्यवहारकै कारण दुई वर्षअघि पारपाचुके गरेकी हुन् । सामान्य असहमति र ठट्टामै उनले सम्बन्धविच्छेदको निर्णय लिएकी भने होइनन् । धेरै सहिन् । यातना कम होलाभन्दा झन् बढ्दै गयो । 'विवाहपछि कहिल्यै शान्तिसँग बस्न सकिनँ,' उनले भनिन्, 'मादकपदार्थ खाएर सधैं मलाई कुट्ने र स्वार्थ पूरा गर्ने काम मात्रै गर्‍यो ।'

आफ्ना बितेका ती क्षण सम्झनामा नआए हुन्थ्यो भन्ठान्छिन् अहिले उनी । लोग्नेको दुर्व्यवहारबाट

*'एकैछिन काममा गएर आउँदा पनि गाली र कुटाइ त कति खानुपर्थ्यो पर्थ्यो,' लोग्नेले कुटेका घाउका दागहरू देखाउँदै जानुकाले मनभरिका पीडा ओकलिन्, 'कुनै दिन नरोएको क्षण भएन, बिहेपछि हरेक दिन र रात रोएर बिताउनुपऱ्यो ।'*

घरमा बस्न नसकी केही समय उनी डेरा लिएर पनि बसिन् । तर, उनलाई शान्ति मिलेन । जोसँग बोल्यो ऊसँगै नाम जोडेर कुट्न थालेपछि उनले सम्बन्धविच्छेद गरेरै बस्ने विकल्प रोजिन् ।

'एकैछिन काममा गएर आउँदा पनि गाली र कुटाइ त कति खानुपर्थ्यो पर्थ्यो,' लोग्नेले कुटेका घाउका दागहरू देखाउँदै जानुकाले मनभरिका पीडा ओकलिन्, 'कुनै दिन नरोएको क्षण भएन, बिहेपछि हरेक दिन र रात रोएर बिताउनुपऱ्यो ।'

उनको पाँच वर्षको छोरा पनि छ। छोरालाई लिएर अहिले उनी माइतै बस्छिन् । लोग्नेसँग बस्नुभन्दा अहिले सम्बन्धविच्छेद गरेर बस्दाको क्षण उनलाई धेरै शान्ति छ। 'एकछाक भातका लागि पशुजस्तै भएर बस्नुभन्दा त एक्लै बस्न धेरै आनन्द छ,' बितेका घटनाले झारेका आँसु पुछ्दै उनले भनिन्, 'अहिले ती दिन सम्झन नपरे हुन्थ्योजस्तो लाग्छ ।'

पृथ्वीनारायण क्याम्पसका प्राध्यापक रामचन्द्र बरालले स्नातकोत्तरतहको शोधपत्रका लागि कास्की जिल्लामा सत्र महिना लगाएर यो विषयमा अध्ययन पनि गरेका छन्। उनको अध्ययनले हिन्दूधर्मअनुसार रित पुऱ्याएर गरेका विवाह पनि ३५ प्रतिशत असफल भएको देखाएको छ। सम्बन्धविच्छेदका घटनालाई असफल विवाहको पङ्क्तिमा राखिएको छ। अधिवक्ता शोभा पराजुली अदालतबाट सम्बन्धविच्छेद हुने घटनामध्ये ९० प्रतिशतभन्दा बढी घरेलु हिंसाका कारण हुने गरेको दाबी गर्छिन् ।

'अझै पनि हाम्रो समाज पितृसत्तात्मक छ, यसैले महिला दोस्रो दर्जाको रूपमा राखिएका छन्, उनीहरूलाई स्वतन्त्र भएर काम गर्न दिइँदैन। त्यसको प्रतिकार गर्न खोज्दा पारपाचुके हुन्छ,' अदालतमा दिनहुँ यस्ता मुद्दा लडिरहेको अनुभव सुनाउँदै पराजुली भन्छिन्, 'सहनसम्म सहन्छन्, नसकेपछि मात्र महिला सम्बन्धविच्छेदका लागि घरबाट निस्कन्छन्, सबैको पीडा सुन्दा एकाधिकारवादको प्रतिकारकै लागि मात्र सम्बन्धविच्छेद भएको देखिन्छ ।'

माइतीमा बस्दै आएकी मीना गुरुङले आमाबाबाको इच्छा र रोजाइकै केटासँग विवाह गर्दा आज भोगिरहेको जिन्दगीको कल्पना पनि गरेकी थिइनन् । उनलाई लागेको थियो- आफूले रोजेकोभन्दा परिवारको रोजाइमा विवाह गरे भविष्यसम्म सुख होला । तर, त्यस्तो भएन । सामाजिक सेवामा काम गर्दै आएकी र त्यसैमा रमाउन चाहने मीनाका लागि पैसा कमाउन तल्लीन ब्रिटिस लाहुरेको परिवार बाधक बन्न पुग्यो ।

घरको सम्पूर्ण काम सकेर सामाजिक सेवामा निस्कने मीनालाई घरपरिवारले मात्र होइन, विदेशमा रहेका श्रीमान्ले समेत शङ्का गरे । फोनबाटै हप्काउने, दप्काउने गर्न थाले। उनी जीत नेपालमा स्वयम्सेवकको रूपमा काम गर्थिन्। उक्त संस्थामा काम गर्दाको आनन्द मीनाका लागि घरपरिवारले दिने तनाव भुल्ने साधन बन्थ्यो । तर के गर्नु ? एक दिन-दुई दिन भए पो तनाव भुलेर बस्नु। सधैं त्यस्तै हुन थालेपछि उनले सम्बन्धविच्छेद गर्नु नै उचित ठानिन् ।

संस्थामा काम गर्दा परिवार र लोग्नेले तनाव दिएकै कारण उनले सम्बन्धविच्छेद गरेकी हुन् । 'मलाई बारम्बार तँ अरूसित बोल्छेस्, कमाएको पैसा कहाँ लैजान्छेस्, कससित जान लागेकी छस् र घरबाट बाहिर जान्छेस् जस्ता आरोप लगाउँथे,' समाजसेवामा आफ्नो छुट्टै पहिचान बनाउन सफल मीनाले भनिन्, 'एकपछि अर्को आरोप थुपार्न थालेपछि सहेर बस्नुभन्दा पारपाचुके गरेर बस्नु नै ठीक ठानें ।'

पुरुष कहाँ हुन्छन्, कहाँ गएर के गर्छन् । कसैले चासो लिँदैनन् । तर, महिला घरबाहिर निस्कनासाथ कुरा काट्न थाल्छन् । 'यस्तो सहेर हामी किन बस्ने ? नगरेको काममा पनि आरोप लगाउँदा कतिबेला घर छोडुँजस्तो हुने,' उतिबेलाको अनुभव सुनाउँदै मीनाले भनिन्, 'बरु गिटी कुटेर छुट्टै बस्दाको जीवन ठीक जस्तो लाग्छ ।'

यस्ता व्यथा र घटना सबैको समान भए पनि एक्लो जीवनको अनुभव भने सबैमा उस्तै छैन। आत्मनिर्भर महिलाका लागि स्वतन्त्र जीवन आनन्द छ। तर, आत्मनिर्भर नभएका महिलालाई कष्ट र बढी चुनौती पनि छ। बरालको अनुसन्धान पुस्तकमा सम्बन्धविच्छेद भएकामध्ये ३७ प्रतिशत महिला मात्र आत्मनिर्भर रहेको उल्लेख छ। झन्डै ३३ प्रतिशत महिलाले कुण्ठित जीवन बिताइरहेका छन् भने २९ प्रतिशत महिला माइतीको शरणमा बसेका छन् । त्यस्तै सम्बन्धविच्छेदपछि ८० प्रतिशत बच्चा आमासित छन् भने २० प्रतिशत मावलीमा बस्ने गर्छन् ।

सडकमा आउने बालबालिका पनि अधिकांश हिंसात्मक घरेलु व्यवहारबाट आजित भएर आएको अध्ययनमा उल्लेख छ। अदालतको तथ्याङ्कमा पनि सम्बन्धविच्छेद गर्नेको सङ्ख्या वर्षेनी बढेको छ। कास्की जिल्ला अदालतमा ०५५ सालमा १ सय १४ वटा सम्बन्धविच्छेदका निवेदन परेका थिए। ६० सालमा यो सङ्ख्या १ सय ५० पुग्यो। ०६३ सालको माघ मसान्तसम्मको तथ्याङ्कलाई केलाउँदा पारपाचुके गर्नेको सङ्ख्या १ सय ५४ पुगिसकेको छ ।

यस वर्ष सम्बन्धविच्छेद गर्ने वर्गमा बाहुन-क्षेत्रीको सङ्ख्या ४५ छ। मंगोल समुदायको ६५ छ। ४४ सम्बन्धविच्छेद नेवार र दलित जनजातिभित्र भएको छ। सम्बन्धविच्छेदका प्रकृति हेर्दा निरक्षरले भन्दा बढी साक्षर र शिक्षित समुदायबाट नै भएको देखिन्छ। 'सम्बन्धविच्छेद निरक्षरले भन्दा साक्षरले बढी गर्छन्' अदालती अनुभव सुनाउँदै अधिवक्ता सुरेन्द्र थापामगर भन्छन्, 'साक्षर भएर विवाह गर्नेहरूको सङ्ख्या बढी भएका कारणले सम्बन्धविच्छेदका घटना पनि यो समुदायमा बढी देखिन्छ।

सबै सम्बन्धविच्छेद वास्तविक भने छैनन्। मंगोल समुदायभित्र हुने सम्बन्धविच्छेदमा केही नक्कली छन्। घरायसी नभएर विदेश जाने बहानामा नक्कली सम्बन्धविच्छेद गरिने प्रचलन पनि छ। ब्राम्हण समुदायमा भने दाइजो, बालविवाह, गरिबीसँग जोडिएको घरेलु हिंसाबाट बढी सम्बन्धविच्छेद हुने गरेका छन्। जिल्ला अदालत कास्कीका तहसिलदार मीनकुमार श्रेष्ठ भन्छन्, 'अदालतमा सम्बन्धविच्छेद गर्नेको सङ्ख्या दैनिक तीनवटासम्म आउने गरेका छन्, यो सङ्ख्या ठूलो हो।'

उनको अनुभवमा सम्बन्धविच्छेदका लागि आउने मुद्दामा तागाधारी समुदायमा खानलाउन नदिने, कुटपिट गर्ने, मानसिक दबाब दिने, आफ्नो रहरमा काम गर्न नदिनेजस्तो समस्या देखिएको छ भने मंगोल समुदायभित्र खानलाउन नदिने, कुटपिटका समस्या त्यति हुँदैनन्। अन्तरजातीय विवाह, छिटो विवाह, बहुविवाह, गरिबी, दाइजो सम्बन्धविच्छेद हुनुको मुख्य कारण देखिएका छन्।

मुलुकमा आएको परिवर्तनसँगै घरेलु हिंसालाई कडाइका साथ रोक्न कानुन बने पनि व्यवहारमा नआएको पराजुली बताउँछिन्। 'हिजो कानुनको अभावमा न्याय दिलाउन सकिएको थिएन, तर अब कानुनसम्म बनेको छ,' पराजुलीले भनिन्, 'यसलाई व्यवहारमा चाँडो ल्याउनु आवश्यक छ। जसले गर्दा सम्बन्धविच्छेदमा कमी आउँथ्यो कि ?'

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# अपहेलित मकना बनिन् समाजसेवी

*गुरुआमा बनेकी २८ वर्षीया मकना चर्मकार सार्कीलाई नमस्कार गर्नुपर्ने पिरलोले गाउँलेहरू एक महिनासम्म प्रौढशिक्षा पढ्न आएनन्। उनीहरूले आफ्ना बालबालिकालाई समेत पढ्न पठाएनन्। तैपनि मकनाले हरेस नखाई भोजपुरको अन्नपूर्ण गाउँमा शिक्षाको लहर ल्याउन घरघरमा डुलेर पढ्न नपाएका बालबालिका बटुलिन्। पढाएबापत आफूले पाएको मासिक एक हजार पनि बालबालिकाको कापी-कलम र चक-डस्टर किन्नमा खर्च गरिन्। बाँकी रकम पनि गाउँको कुवा, धारा मर्मतमा खर्च गरिन्। आखिर उनी भोजपुरका लागि अगुवा सामाजिक कार्यकर्ता, समाजसेवी र गुरुआमा बन्न पुगिन्।*

**✍ दुर्गा अधिकारी**

भोजपुर/ पहिलाका दिनहरू सम्झँदा उनलाई अहिले पनि नमिठो लाग्छ। भोजपुर अन्नपूर्णकी २८ वर्षीया मकना चर्मकारलाई त्यसबेला भन्नेहरूले 'गोरु खाने जातकी यो सर्किनीले छोएको के खानु' सम्म भने। त्यसो भन्नेहरू अहिले केही साह्रोगाह्रो पर्नासाथ दौडेर उनैकोमा रायसल्लाह माग्न आउँछन्। उनको घरको सिकुवासम्म टेक्न हिच्किचाउनेहरू आजभोलि मजाले चिया पिएर जान्छन्। दलित परिवारमा जन्मिए पनि लगनशीलता, सिर्जनशीलताले गर्दा उनी भोजपुरको अगुवा समाजसेवी महिलामा दरिएकी छिन्। समाजसेवा गर्न धनी र सम्पन्न हुनुपर्छ भन्ने पुरानो मान्यताको प्रवाह नगरी मकनाले समाजसेवामा हात हालिन्।

गाउँमा शिक्षाको अवस्था दयनीय रहेको बेला उनले अशिक्षित गाउँलेलाई प्रौढशिक्षामार्फत आफूले जानेका ज्ञानगुनलाई बाँड्न चाहेकी थिइन्। उनले जति अनुरोध गरे पनि कोही नआएपछि घरघरमा गएर बोलाउन थालिन्। 'नमस्ते' गर्नुपर्ने पिरले कोही नआएपछि मकनाले एक महिनासम्म सातजना दलित महिलालाई मात्रै पढाइन्। पढ्न आउनेलाई पनि कहिलेकाहीँ कसले के भनिदिन्थ्यो, अघिल्लो दिन आएकाहरू नै भोलिपल्ट आउँदैनथे। उनलाई दुःख पनि लाग्थ्यो। परिवारको इच्छाविपरीत नै भए पनि दुःख झेलेर प्रवेशिकासम्म पढेकी मकनाले अरूलाई पढाउन खोज्दा फेरि अपमान भोग्नुपर्‍यो। हरेस नखाई उनी

लागिरहिन् । केही समयपछि मकनाले सम्झाएपछि पढ्नेहरू आउन थाले । मकनालाई पनि जाँगर चल्न थाल्यो ।

मकनाजस्ती सामाजिक कार्यकर्ताले गाउँको शिक्षामा जोड दिएकैले पछिल्लो समयमा धेरै दलित बालबालिका विद्यालय जान थालेका छन् । अहिले ती विद्यालयमा जातीय छुवाछूत र विभेद गरिँदैन ।

दलितका छोरीले पढेर कुनै अर्थ नरहने सोच पालेको उनको परिवारले सुरुमा त पढ्न पनि दिएको थिएन । बरु बनिबुतो गर्दा खान पाइन्छ भनेर बारम्बार भन्थे । आर्थिक रूपले दयनीय भएकैले उनको परिवारले पढ्नभन्दा बनिबुतो गर्नतिर ध्यान दिन कर गर्थ्यो । तर, अरू दलितहरूभन्दा बेग्लै स्वभावकी मकनाले आफू पहिले पढेर गाउँका अरू दलितलाई पढाउने अठोट पूरा गरेरै छाडिन् । हाल आफ्ना भाइ र बहिनीलाई पनि पढाउँदै घरव्यवहारसमेत सम्हाल्दै आएकी मकनाले प्रौढशिक्षालाई पनि निरन्तरता दिइरहेकी छिन् ।

प्रवेशिका तहसम्म पढेकी मकनाले बितेका दुःखदायी दिन सम्झँदै भनिन्, 'प्रौढ कक्षा पढाउने जिम्मा त पाएँ तर तल्लो जातकी सर्किनीलाई गुरुआमा मानेर नमस्कार गर्नुपर्छ भनेर झन्डै एक महिनासम्म कोही पढ्न आएनन् ।' तर, उनमा निराशा पलाएन । बरु अठोट गरिन्- गाउँघरमा हुने जातीय छुवाछूत र भेदभावलाई निर्मूल पार्ने, महिला र दलितहरूलाई आफ्नो अधिकारप्रति सचेत बनाएर सामाजिक, आर्थिक रूपमा सबल बनाउने ।

भोजपुरको अन्नपूर्ण गाविसको आम्लाला गाउँमा हुर्किएकी मकना अहिले गाउँका लागि उज्यालो ज्योति बनेकी छिन् । अन्नपूर्ण गाविसका पूर्वअध्यक्ष विष्णुकुमार राईको ढिपीले मकनाले स्कुल पढ्ने अवसर पाएकी थिइन् ।

मकना पढेको समयमा उनको विद्यालयमा पनि विभेद गरिन्थ्यो । उनी भन्छिन्, 'अन्नपूर्ण स्कुलमा पढ्दा मैले भुटेर ल्याएको जुनेलो, मकै, भटमास र सिलाम कोही खान मान्दैनथे । कतिले त 'तिमीहरू दशैंमा गोरु काटेर खान्छौ' भनेर होच्याउने गरेका थिए । साहु, ठूलाबडाकोमा खेतमा काम गर्न जाँदा खाजा त दिन्थे तर 'अलग्गै बस है' भन्दै पटुकामा थाप्न लगाउँथे ।' सँगै काम गर्ने अरूलाई भने थालमा खाजा-भात दिने चलन रहेको उनले बताइन् । उनलाई समाजमा मानिसको यस्तो व्यवहारले औधी पिरोल्यो ।

गाउँका मानिसलाई छोराछोरीलाई पढाउनुपर्छ भन्ने ज्ञान थिएन । आम्लाला गाउँका केटाकेटी दश वर्षका भएपछि आमाबुबासँगै बनिबुतो गर्न अर्काको खेतबारीमा जान्थे । आम्लालाका ७१ वर्षीय भवप्रसाद ताम्राकार भन्छन्, 'मकनाले नघचघच्याएको भए हामी अझै पनि छोराछोरीलाई स्कुल पठाउने थिएनौं होला ।'

*गाविसका पूर्वअध्यक्ष विष्णुकुमार राई भन्छन्, 'आम्लाला गाउँमा केही गरौं भन्ने भावना कसैमा थिएन त्यसबेला । तर, मकनामा भने त्यो भावना थियो । उनकै प्रयासले अहिले गाउँले साक्षर चिन्ने, पढ्ने र लेख्न सक्ने भएका छन् । आफ्नो मनमा लागेको विचार व्यक्त गर्ने, तर्क गर्ने भएका छन् ।'*

बिस्तारै समाजमा शिक्षा र छुवाछूत भेदभावविरुद्धका आवाज उठ्न थाले । चेतना बढ्न थाल्यो । त्यसैबेला सामाजिक परिचालन कार्यक्रमले लक्षित दलित महिला वर्गलाई समेटेर समूह गठन गरायो ।

मकना चर्मकार र स्थानीय शारदा पन्थीको प्रयासमा गाउँगाउँमा महिला समूहहरू गठन भए । आम्लालामा मकनाले नेतृत्व गर्न थालिन् । उनीहरूको अभियानले प्रौढकक्षा पनि सञ्चालन गर्न थाल्यो । त्यसबेला पनि प्रौढकक्षा पढाउने जिम्मा मकनालाई नै दिइयो । उनको उदार र सहयोगी भावनाले गर्दा गाउँले सबै प्रभावित भएको स्थानीय जनभावना सहकारी संस्थाका अध्यक्ष गोविन्द मुकारुङ बताउँछन् । मुकारुङ भन्छन्, 'अन्नपूर्णका सबै गाउँ अहिले नमुना बनेका छन् ।' आठ वर्षअघिको अन्नपूर्ण र अहिलेको अन्नपूर्णमा धेरै फरक आएको उनको दाबी छ । परिवर्तन हुनुमा मकनाको ठूलो योगदान रहेको गौरवका साथ गाउँले खुलेर बताउँछन् ।

नेपाल रेडक्रस सोसाइटी अन्नपूर्ण शाखाका अध्यक्ष रुद्र किराँत भन्छन्, 'पिछडिएको आम्लाला गाउँमा प्रौढकक्षाको सुरुवात मकनाले गरेर देखाइन् ।' उनको खुबी, इच्छाशक्ति, अनुभव, काम गर्ने शैली, प्रतिबद्धता र योगदानलाई मानेर सबैले आफ्नो संस्थामा सहभागी गराउने गरेका छन् ।

उनी अहिले थुप्रै संस्थामा रहेर काम गरिरहेकी छिन् । आम्लाला गाउँको कृषि समूहमा सचिव, सामुदायिक वनमा सदस्य, छाङछाङ प्राविमा व्यवस्थापन समितिकी महिला प्रतिनिधि रहेर सामाजिक सेवामा सक्रिय छिन् । उनी रेडक्रस सोसाइटी जिल्ला शाखा भोजपुरको मातहतको दैवी प्रकोप राहत वितरणका लागि मुठी दान सङ्कलन गर्ने काम पनि गरिरहेकी छिन् । अन्नपूर्ण स्वास्थ्यचौकीमा स्वयम्सेवक छिन् भने निर्माणाधीन हिले-भोजपुर सडकको सहजकर्ता गरिरहेकी छिन् ।

मकना भन्छिन्, 'म यहाँसम्म आइपुग्नुमा अन्नपूर्ण गाविसका निवर्तमान अध्यक्ष विष्णुकुमार राई र उद्धव राईको प्रेरणाले काम गरेको हो । उनीहरूले आफ्नो अधिकार आफैंले खोजेर लिनुपर्छ भनेर हिम्मत

नबढाइदिएको भए मलगायत आम्लालाका दलित परिवार अझै पनि कसैको आँगनमा अलग्ग पोल्टो थापेर बस्थ्यौं होला ।'

आम्लालाकी रामकुमारी चर्मकार खुसी हुँदै भन्छिन्, 'छोराछोरी जन्मिऊन् त मकनाजस्ती □, कथित सार्कीका कोखमा जन्मे पनि हाम्रो नाक राखेकी छे ।' मकनाको प्रेरणाले स्थानीय कमला अधिकारी पनि समाजसेवामा लागेकी छन् । भोजपुर क्याम्पसबाट स्नातक गरेकी अन्नपूर्ण-८ बस्ने २७ वर्षीया अधिकारी मकनाबाट प्रभावित भएर व्यक्तिगत काममा भन्दा सामाजिक सेवामा बढी संलग्न हुन थालेकी छिन् । उनी भन्छिन्, 'मकना जातीय छुवाछूतको विभेद सहेर पनि यो अवस्थामा आइपुगिन् । उनले समाजमा एक्लै सङ्घर्ष गरेको देखेर पनि प्रभावित भएकी हुँ ।' अधिकारी

*'म यहाँसम्म आइपुग्नुमा अन्नपूर्ण गाविसका निवर्तमान अध्यक्ष विष्णुकुमार राई र उद्धव राईको प्रेरणाले काम गरेको हो । उनीहरूले आफ्नो अधिकार आफैंले खोजेर लिनुपर्छ भनेर हिम्मत नबढाइदिएको भए मलगायत आम्लालाका दलित परिवार अझै पनि कसैको आँगनमा अलग्गै पोल्टो थापेर बस्थ्यौं होला ।'*

स्थानीय जनभावना सहकारीमा कोषाध्यक्ष भएर काम गरिरहेकी छिन् ।

अरूलाई प्रेरणा दिने मकनाको पनि राजनीतिक रूपमा भन्दा पनि सामाजिक फाँटमा नै काम गर्ने इच्छा छ । उनी भन्छिन्, 'मेरो अन्तिम इच्छा नै शोषित-पीडित महिलाका लागि मिलेर काम गर्नु हो ।' गाविसका पूर्वअध्यक्ष विष्णुकुमार राई भन्छन्, 'आम्लाला गाउँमा केही गरौं भन्ने भावना कसैमा थिएन त्यसबेला । तर, मकनामा भने त्यो भावना थियो । उनकै प्रयासले अहिले गाउँले सावाअक्षर चिन्ने, पढ्ने र लेख्न सक्ने भएका छन् । आफ्नो मनमा लागेको विचार व्यक्त गर्ने, तर्क गर्ने भएका छन् ।' राईका अनुसार मकनाजस्ती हिम्मती महिलाले सामाजिक काममा अग्रसर हुँदा सबैले फाइदा लिन पाएका छन् ।

मकनाकै प्रयासमा स्थानीय सङ्गीता विकले अंश पाइन् । कान्छी श्रीमती लिएर बसेका बलबहादुर विकले २७ वर्षीया छोरी सङ्गीतालाई अंश दिन हिच्किचाइरहेका बेला मकनाले सम्झाइबुझाई गरेर अंश दिलाइन् । मकनाजस्तै भाइबहिनीलाई उच्च शिक्षा पढाउने खर्च कमाउन भनेर जोखिम मोल्दै सङ्गीता वैदेशिक रोजगारीका लागि कुबेत पुगेकी छिन् ।

गाउँकी ५५ वर्षीया यशोदा अधिकारी भन्छिन्, 'मकना यो भोजपुर क्षेत्रकै उदाहरणीय छोरी बनेकी छे । समाजमा पूरै परिवर्तन ल्याउन सफल भएकी छे । उनको काम देखेर अरूले प्रेरणा पाएका छन् । उनले सामाजिक विभेद हटाउन नमुना काम गरिन् ।'

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : www. **sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@yahoo.com

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो । सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं । यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं । र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं ।

सञ्चारिका समूह